# रातो खबर साप्ताहिक
Ratokhabar weekly

वर्ष ३, अङ्क २४, पूर्णाङ्क ११९ | २०७४ मङ्सिर १३ गते बुधबार | Wednesday, 29 Nov 2017 | www.eratokhabar.com | मूल्य रु. १०




नेता विरजंग सहित सयौं गिरफ्तार

➔ पृष्ठ ३

## चुनावको दिन कहाँ के के भयो ?

- व्यापक हवाईगस्ती, दोहोरो गोली हानाहान
- कर्मचारीले हाले फर्जी मत

■ **अम्बिका चन्द** / काठमाडौं

जनयुद्धकालीन आधारइलाका कालीकोटले नेकपाको चुनाव खारेजी अभियानमा प्रतिरोधको अर्को नमुना पेस गरेको छ। आइतबार प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव हुने समयमा कालीकोट दिनभर तनावग्रस्त बन्यो । जनयुद्धको झल्को दिने गरी दिनभरिजसो ३ वटा हेलिकोप्टरले जङ्गल क्षेत्रमा अन्धाधुन्द गोली प्रहार गरिरहे। संसदीय व्यवस्थाप्रति वितृष्णा जगाएका कालीकोट मालकोटका बासिन्दा मतदान गर्न नगएपछि मतदान केन्द्र सुनसान भयो । शून्य मतदान हुने अवस्था देखेपछि प्रहरी घरघरमा पसेर स्थानीय बासिन्दालाई जबरजस्ती मतदान स्थलसम्म ल्याउन खोज्दा त्यहाँ दोहोरो झडप भयो। प्रहरीले गाउँमा गस्ती गर्दा पनि मतदाता मतदान स्थलसम्म नपुगेपछि सेना, प्रहरी र निर्वाचनमा खटिएका कर्मचारीहरूले नै मतदान गरेर मतपेटिका सदरमुकामतर्फ लगेको बताईएको छ।

प्रत्यक्षदर्शी स्थानीय बासिन्दाका अनुसार सल्लारूखमा दिउँसै गोली हानाहानसमेत भयो । प्रहरीले गाउँमा गस्ती सुरु गरेपछि भागेका स्थानीयले जङ्गलतिरबाटै प्रहरीमाथि आक्रमण गरे । लगत्तै आकाशबाट हेटिकोप्टरले जङ्गल क्षेत्रमा गोलाबारी गरेको थियो । कालीकोटमा निर्वाचनको अघिल्ली दिनदेखि नै तनाव उत्पन्न भएको थियो।

... बाँकी पृष्ठ ७ मा

# पहिलो चरणको मतदान निराशाजनक



■ **रातो खबर संवाददाता**

चुनावमा भाग लिएका दलहरू, राजकीय निकायहरू र उनीहरूका देशी-विदेशी शक्तिहरूले सम्पूर्ण शक्ति, प्रचारयुद्ध र अर्बौं राजस्वको खोलो बगाउँदा पनि पहिलो चरणको निर्वाचनमा मतदाताको सहभागिता न्यून रह्यो। मतदान सकिएको लगत्तै आइतबार साँझ ६ बजे मतदान केन्द्रमा सम्पर्क नै नगरी प्रमुख निर्वाचन आयुक्तले हतारहतार ६५ प्रतिशत मतदान भएको तथ्याङ्क सार्वजनिक गरे । त्यसलाई पत्याउने भरपर्दो कुनै आधार छैन। निर्वाचनप्रति घटेको आस्था र निराशाजनक सहभागिताको सूचना सार्वजनिक गरेको देखिन्छ। बढाइचढाइ सूचना सार्वजनिक गर्दा पनि रोल्पामा जम्मा ५२ प्रतिशत, थबाङमा ३८ प्रतिशत र देशभरि अपराह्न ४ बजेसम्म ५४ प्रतिशत मात्र मतदान भएको अनुमानित तथ्याङ्क आयोग आफैंले बाँडेको थियो । शासनप्रणाली र दलहरूप्रति जनताको अविश्वास तथा सङ्कटको चित्र ढाकछोप गर्न सुनियोजित रूपमा हतारहतार मिथ्याङ्क सार्वजनिक गरिएको देखिन्छ । कालीकोटलगायत जिल्लामा सेना र सशस्त्र प्रहरीले मतदान गर्न अनिच्छुक जनतालाई घरघरमा गएर घिसार्दै मतदान केन्द्रतिर लगेको पत्याउनै गाह्रो पर्ने सूचना पनि आइरहेका थिए। थबाङसहित रोल्पालाई ब्यारेकमा परिणत गरिएको थियो । थबाङबाट त चुनावी दल र विचारले वैधानिकता गुमाएको छ । त्यहाँ शासन गर्ने अधिकार गुमाएको अवस्था छ । सरकारी दाबीअनुसार नै रोल्पामा ४८ प्रतिशत नागरिक चुनावी प्रक्रियाभन्दा बाहिर गएका छन् । यो सामान्य विषय होइन । यथार्थमा प्रदेश र प्रतिनिधिसभाको पहिलो चरणको निर्वाचनमा समग्रमा ६० प्रतिशत पनि मतदान नभएको देखिन्छ। जिल्लाजिल्लाका स्थानीय संवाददाताहरूले अपवादबाहेक जनसहभागिता उत्साहजनक नभएको समाचार अपराह्नसम्म सम्प्रेषण गरिरहेका थिए । साँझ एकाएक मिथ्याङ्क सार्वजनिक गरेर आयोगले नागरिकको चेतनालाई गिज्याउने कार्य गरेको देखिन्छ।

घट्दो मतदान सहभागिताले थुप्रै प्रश्नहरू त उठाएकै छन् । मतदान प्रतिशत घट्नुका

... बाँकी पृष्ठ ७ मा

# सरकारी निशानामा सञ्चारकर्मी






■ **रातो खबर संवाददाता**

सरकारले सञ्चारकर्मीमाथि व्यापक दमन गरेर आफ्नो कमजोरी लुकाउने र आलोचनाको स्वरलाई निषेध गर्ने मनसायले काम गर्न थालेको आभास भएको छ । निर्वाचन आयोग, अदालत तथा संवैधानिक अङ्गहरू नै राजनीतिक नियुक्ति र भागबन्डामा चलिरहेको समयमा पत्रकारहरू कुनै दल वा विचारप्रति आस्थावान् हुनु नयाँ विषय होइन। आस्थाकै कारण पत्रकारहरूमाथि सरकारले थुनछेक गरेर प्रचलित कानुन हातमा लिएको छ र संविधानको भावना र मर्ममाथि प्रहार गरेको छ।

कालीकोट प्रहरीले कात्तिक २९ गते मान्माबाट प्रकाशित हुँदै आएको जनप्रभात साप्ताहिकका सम्पादक तथा प्रकाशक कालीबहादुर महतारालाई मान्मास्थित पत्रिकाको कार्यालयबाटै पक्राउ गरेको छ । त्यसैगरी मंसिर ४ गते सोही अखबारका सहसम्पादक जगदीशनाथ योगीलाई कार्यकक्षबाटै गिरफ्तार गरेको छ। त्यसैगरी काठमाडौं प्रहरीले मङ्सिर १ गते प्रलेसको केन्द्रीय कार्यालयबाट सो सङ्गठनका उपाध्यक्ष, अखिल नेपाल जनसांस्कृतिक महासङ्घका महासचिव तथा हाम्रो जलजला मासिकका सम्पादक खेमराज थपलियालाई पक्रेको छ ।

... बाँकी पृष्ठ ८ मा

# थबाङमा न्यून मतदान

■ **रातो खबर संवाददाता**




यता शून्य मतदान गर्ने रेकर्ड कायम गरी सवैको चासोको केन्द्र भनेको रोल्पाको थबाङमा न्यून मतदान भएको छ । थबाङमा निकै बाक्लो सङ्ख्यामा परिचालन गरिएको प्रहरी र सेनाको टोलीले घरघरमा पसेर वृद्धवृद्धा, महिला र अशक्तहरूलाई ल्याएर मतदान गर्न लगाएको थियो। दिउँसो १ बजेसम्म पनि मतदान स्थलमा कोही पनि नपुगेपछि प्रहरीले घरघरबाट मतदाता ल्याउन सुरु गरेको थियो। निर्वाचनमा सुरक्षा चुनौती रहेको भनिएको रोल्पामा माओवादी नेता वर्षमान पुन लगातार ३ पटक चुनाव खारेजीवालाको आक्रमणमा परेपछि व्यापक मात्रामा सुरक्षाकर्मी परिचालन गरिएको थियो । सुरक्षा स्रोतका अनुसार रोल्पामा सेनाका पृतनापति र प्रहरीका एआईजी नै फिल्डमा रहेका थिए। सामान्यतः जिल्लामा प्रहरीको इन्स्पेक्टर अथवा डीएसपीले आवश्यकताअनुसार सुरक्षा नेतृत्व समाल्ने गरेका हुन्छन् । तर रोल्पामा सेना र प्रहरीका उच्च अधिकारीहरूलाई फिल्डमा खटाउनुलाई नेकपाबाट

... बाँकी पृष्ठ ७ मा

# चुनावको पूर्वसन्ध्यामा भीआईपी लक्षित आक्रमण

■ **रातो खबर संवाददाता**/

पहिलो चरणको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको पूर्वसन्ध्यामा देशैभर भीआईपी लक्षित बम आक्रमण भए । प्रधानमन्त्रीसमेत रहेका नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा चुनावी अभियानका लागि कालीकोट पुगेको बेला उनी लक्षित आक्रमण भयो । नेपाल कम्युनिस्ट पार्टीको अत्यधिक प्रभाव रहेको मानिने कालीकोटको मालकोटमा आयोजित चुनावी सभालाई सम्बोधन गरिरहेको बेला नजिकै शक्तिशाली बम विस्फोट गराइएको थियो । विस्फोटपछि भागदौड मच्चिँदा सभा नै बिथोलिएको थियो। विस्फोट कसले गराएको भन्ने एकिन नभए पनि चुनाव खारेजी अभियानमा रहेको नेकपाले गराएको हुनसक्ने आशङ्का प्रहरीले गरेको छ। विप्लव नेतृत्वको नेकपाका नेता-कार्यकर्ताहरूलाई जहाँ भेट्यो त्यहीं पक्राउ गर्नू र जेल हाल्नू भनी देउवाले सुरक्षा निकायलाई निर्देशन दिएको पृष्ठभूमिमा यो आक्रमण भएको थियो।

उता पूर्वमा नेकपा एमालेका अध्यक्ष एम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओली पनि बम आक्रमणमा परेका छन् । ओलीको झापास्थित पुख्यौंली घरमा बम विस्फोट भएको हो । विस्फोटका कारण घरको पूर्वी गेटमा क्षति पुगेको प्रहरीले बताएको छ। ओलीले सञ्चारमाध्यममा नेकपाको चुनाव खारेज अभियानतर्फ लक्षित गर्दै 'विप्लव भाइ, बरु गाउँका बिरामीलाई डोकोमा हालेर काठमाडौं पुऱ्याऊ तर बम नपड्काउ' भन्ने व्यङ्ग्यात्मक अभिव्यक्ति दिइरहेको बेला उनको घर लक्षित विस्फोट भएको हो।

यता उपत्यकाभित्रै प्रमुख

... बाँकी पृष्ठ ३ मा

# संसदीय निर्वाचन र खारेजी अभियानबारे

**देश/परिवेश**

■ हेमन्तप्रकाश ओली 'सुदर्शन'



१. प्रसिद्ध मार्क्सवादी भनाइ छ- 'संसदीय व्यवस्था भनेको खसीको टाउको झुन्ड्याएर कुकुरको मासु बेच्ने पसल हो।' इतिहासको जुन कालखण्डमा यो कुराको संश्लेषण भएको थियो आज करिब सय वर्षपछि पनि यो सत्य साबित भएको छ। अहिले नेपालमा त्यही खसीको टाउको झुन्ड्याएर कुकुरको मासु बेच्ने पसललाई बलियो बनाउन कथित प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव गरिँदैछ। श्रमजीवी तथा उत्पीडित वर्गको अग्रदस्ता नेपाल कम्युनिस्ट पार्टीले यस चुनावको खारेजी अभियानमा नेतृत्व गरिरहेको छ र जनतालाई साथ दिन आह्वान गरिरहेको छ। राज्यसत्ता फासिस्ट दमन र अत्याचारमा उत्रेको छ। जनताले त्यसको प्रतिरोध विभिन्न स्वरूपमा गरिरहेका छन्। संसदीय व्यवस्था जनताका लागि दुःख, कष्ट, अभावको कारक र विकासको अवरोधक बनेको छ। यसको विकल्प भनेकै वैज्ञानिक समाजवाद हो।

२, नेपालमा दस वर्षको सुवर्ण इतिहासमा नेपाली जनताको रगत-पसिनाबाट सिञ्चित भएर असी प्रतिशत भूभागमा जनसत्ता स्थापित भएको थियो। त्यसको रक्षाका लागि जनसेना र जनमिलिसिया बनेको थियो। जनप्रशासन र जनअदालत बनेको थियो । त्यसैगरी प्रतिक्रान्तिकारीहरूको सजाय र रूपान्तरणका लागि जनसुधारगृह बनेको थियो । यो उदाउँदो जनराज्यसत्तालाई तहसनहस पार्न घरेलु तथा विदेशी प्रतिक्रियावादीहरू त लागिरहेकै थिए तर उनीहरूले दाल गलाउन सकेका थिएनन् । पार्टीभित्रकै शीर्ष नेताहरूको दिमागमा विचलन आयो । पुष्पकमल र बाबुरामको दिमागमा साम्राज्यवादी भूत सवार भयो । अन्ततः नयाँ र उदाउँदो राज्यसत्ताका तानाबाना सबै साम्राज्यवाद र उसका नेपाली दलालहरूका हातमा सुम्पिए । श्री पुष्पकमल दाहाल र बाबुरामहरू पुरानै राज्यसत्तामा फर्केर संसदीय शैलीमा जनतामाथि शासन गर्न थाले । उनीहरूले जुन राज्यसत्ता मिल्काउन लडिएको हो त्यसैमा फर्किएर जुन मानिसहरूले टाउकाको मूल्य तोकेका थिए उनीहरूसँगै अङ्कमाल गर्न थाले। हामीले विद्रोह गऱ्यौं र पार्टी पुनर्गठन गरी नेकपाको विकास गरेका छौं । हामीले नयाँ कार्यदिशा एकीकृत जनक्रान्ति आविष्कार गरेका छौं भने गन्तव्य स्थान वैज्ञानिक समाजवाद हो भनी घोषणा गरेका छौं। अन्ततः आजको साम्राज्यवादसँग लड्न मालेमावादकै विकास गर्ने निर्णय आठौं महाधिवेशनबाट गरेका छौं।

बाँकी पृष्ठ ८ मा

**सम्पादकीय**

# दलाल संसद्वादको अन्तिम छट्पटी

मुलुकका केही संसद्वादी दलहरूले प्रतिक्रान्ति संस्थागत गर्ने षड्यन्त्रस्वरूप मञ्चन गरेको कथित प्रतिनिधिसभा र प्रदेशसभाको पहिलो चरणको चुनावी नाटकको दृश्य कलाविहीन बनेको छ । नेपाली जनताको प्रतिरोधी चेतनाले दलाल संसद्वाद खारेज गर्दै वैज्ञानिक समाजवाद स्थापना गर्ने अभियानअन्तर्गत कथित चुनाव खारेज गर्दै संसद्वादको विकल्प वैज्ञानिक समाजवाद नै हो भन्ने प्रमाणित गरिदिएका छन् । जनताको अगुवाइ र क्रियाशीलतामा देशभर भएका प्रतिरोध सङ्घर्षले केही थान संसद्वादीहरूले जनयुद्ध र क्रान्तिलाई धोका दिँदैमा जनताको अपरिहार्य आवश्यकता बनिसकेको क्रान्तिको बीज समाप्त हुँदैन भन्ने प्रमाण जनताले प्रस्तुत गरेका छन् । दलाल संसद्वादको अन्त्यका लागि र मालेमालाई आधार बनाएर एकीकृत जनक्रान्ति सम्पन्न गर्दै नेपाली भूमिमा वैज्ञानिक समाजवाद स्थापना गर्न आफ्नो जीवन नै जोखिममा पारेर दलालहरूका क्याम्पहरूमा विस्फोटित हुने जनतालाई हामी हार्दिक अभिवादन र सलाम गर्छौं । नेपाली जनताको विद्रोही र क्रान्तिकारी चेतना र त्यसलाई भौतिक शक्तिमा गरेको रूपान्तरणबाट नै आजसम्म नेपालको राष्ट्रियताको रक्षा र नेपालीहरूको स्वतन्त्र अस्तित्व रहँदै आएको छ। त्यही चेतना र शक्तिले नै जनताले जनतन्त्रको आवाज संसारभर बुलन्द पार्दै र घन्काउँदै आएका छन् । नेपाली जनताको प्रतिरोधी सङ्घर्षले नै जनजीविकाका प्रश्नहरू बारम्बार मुखरित हुँदै र समस्या समाधानका लागि पुरातन शक्तिसँग विद्रोह, युद्ध र क्रान्तिका रूपमा टकराउँदै आएका छन् । यसैको पछिल्लो उदाहरण कथित चुनाविरुद्ध जनताले गरेको सङ्घर्ष हो । कहीँ बहिष्कार, कहीँ तिरस्कार, कहीँ प्रतिरोध, कहीँ मुठभेड गरेर नेपाली जनताले यो व्यवस्था र चुनावलाई खारेज गरेका छन् ।

दलाल संसद्वादका मतियार शक्तिहरूले कथित प्रतिनिधिसभा र प्रदेशसभाका लागि भनेर अघि सारेको चुनावी नौटङ्कीलाई जनताले प्रतिरोध, अवज्ञा र ध्वस्त पार्दै सङ्कटग्रस्त मुलुकको एक मात्र निकास असफल संसद्वाद र यसको टालटुले चुनाव होइन, मुलुकको आमूल परिवर्तन हो र त्यसका लागि क्रान्ति एक मात्र विकल्प हो भन्ने प्रमाणित गरिदिएका छन् । जनविरोधी दलाल सत्ताले मुलुकको सबै सेना, प्रहरी, सुराकी, कर्मचारी, राष्ट्रिय/अन्तर्राष्ट्रिय दलाल शक्तिहरू लगाउँदै र न्वारानदेखिको बल प्रयोग गरेर गराएको चुनाव कहीँ पनि 'शान्तिपूर्ण' भएन । यो व्यवस्था र चुनावको विरोधमा नारा नलागेको कुनै घर, टोल र गाउँ भएन । बम, बारुद र बन्दुकको आवाज नसुनिएको कुनै क्षेत्र रहेन । एम्बुस नपड्किएको र सत्ताधारीहरू त्राहीमाम नभएको कुनै ठाउँ रहेन । पत्रकार, लेखक, राजनीतिक पार्टीका कार्यकर्ता गिरफ्तार नगरिएको कुनै गाउँ, सहर भएन र क्रान्तिकारीहरूलाई नथुनिएको, नराखिएको कुनै हिरासत रहेन तर पनि निर्लज्ज शासकहरू चुनावमा अत्यधिक मत खसेको र जनताले संसदीय व्यवस्था रोजेको भद्दा र घिनलाग्दा विज्ञप्तिहरू प्रकाशित गरिरहेका छन् । यी विज्ञप्तिहरू संसद्वादी दलहरू होइन, यिनका सञ्चालक र मालिक भारतीय साम्राज्यवाद, अमेरिकी उत्तरसाम्राज्यवाद र अरू यिनका स्वार्थसमूहहरूले यसअघि नै तयार पारेर थमाएका हुन् । यति कुरा अब नेपाली जनताले सहजै बुझ्न सक्छ । यतिबेला देशभर भएको विद्रोह यसैको सङ्केत हो भन्दा कुनै अत्युक्ति हुनेछैन ।

मुलुकमा यतिबेला द्वैधसत्ता सञ्चालित छ । एउटा सत्ता देशी-विदेशी प्रतिक्रियावादी शक्तिहरूको योजना र इशारामा सञ्चालित छ । त्यो सत्ता नेपाली जनताले स्वतन्त्रता, मुक्ति र परिवर्तनका लागि यसअघि गरेका आन्दोलन, सङ्घर्ष, विद्रोह र युद्धबाट प्राप्त उपलब्धिहरूमा प्रतिक्रान्ति ल्याएर मुलुकमा दलाल पुँजीवादी सत्ता कायमै राख्न चाहन्छ । त्यो सत्ता यतिबेला प्रतिक्रान्ति संस्थागत गर्न र विदेशी स्वार्थसमूहहरूलाई रिझाउन कथित चुनावको नाटक मञ्चन गरिरहेको छ । मुलुकमा रहेको अर्को सत्ताले जनसंविधान जारी गरेको छ र जनसत्ता निर्माण गरी देश र जनताको न्याय, समानता, स्वतन्त्रता र मुक्तिको उत्कण्ठालाई अभिव्यक्त गरिरहेको छ । यो जनयुद्धको स्पिरिट बढाएर मुलुकमा एकीकृत जनक्रान्ति सम्पन्न गर्न लागिपरेको सत्ता हो । यसको नेतृत्व नेपाल कम्युनिस्ट पार्टीले गरिरहेको छ । जनयुद्धमा सामेल एउटा पङ्क्तिले जनयुद्ध मात्र होइन, आमूल परिवर्तनका लागि समर्पित र प्रतिबद्ध वर्गमाथि नै दलाली र गद्दारी गरेर दलाल संसद्वादमा आत्मसमर्पण गरेपछि जनताको विद्रोही शक्ति संकेन्द्रित हुँदै गएको छ र त्यसले देश, जनता र वर्गका विरुद्ध लागिपरेका सबै दलाल शक्तिहरूको निद्रा समाप्त पार्दै लगेको छ । साम्राज्यवाद र उत्तरसाम्राज्यवादको वैशाखी टेकेर त्यही विषवृक्षको ऐँजेरुका रूपमा रहेको दलाल संसद्वाद अन्तिम प्रश्वास छोडिरहेको छ । सर्पले आधा निलिसकेको भ्यागुताले आफू अघिल्तिर हुँदै उडिरहेको पुतली निल्न लामो सास तानेझैँ मृत्युशय्यामा छट्पटाइरहेको दलाल संसद्वाद क्रान्तिकारी नेता-कार्यकर्ता, जनपक्षीय पत्रकार, लेखक र संस्कृतिकर्मीको मुख थुनेर क्रान्तिको ज्वाला निभाउने दुःस्वप्न देखिरहेको छ । यो उसको मृगतृष्णाबाहेक केही होइन । देश र जनताका विरुद्ध लाग्ने सत्ता कहीँ टिकेको इतिहास छैन । यो धर्मराउँदो संसद्वादी सत्तारूपी रूखलाई एकीकृत जनक्रान्तिको एउटै शक्तिशाली बन्चरो प्रहारको आवश्यकता छ । नेपाली जनता त्यही दिनको व्यग्र प्रतीक्षामा अधैर्य भएर बसेका छन् ।

**लेखकहरूलाई सूचना**

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# निर्वाचनपछिको राजनीतिक परिदृष्य



अनिल शर्मा

*२०६२/०६३ सालपछि लाखौँ युवा विदेश पलायन हुन बाध्य छन् । दक्ष श्रमिकहरू कुनै देशले लग्दैन । नेपाल देश सिङ्गै वृद्धाश्रमजस्तो भएको छ । मानौँ यो देश हाडखोर थुपार्ने "डम्पिङ साइट" मात्रै हो । देशमा रोजगार दिने उद्योग बेचेर खाने र युवाहरूलाई विदेश धकेल्न श्रम सम्झौता गर्न रोइकराइ गर्दै खाडी-अरब र दक्षिणपूर्वी देशहरू चहार्नुलाई दलाल शासकहरू बहादुरी ठानिरहेका छन् । यी दलालहरूलाई बाफिकोट रुकुमकी निर्मला खड्काले झैँ जुत्ता हान्नुपर्नेमा हामी ताली बजाइरहेका छौँ ।*

देशभित्र र बाहिरका प्रतिक्रियावादीहरूको षड्यन्त्र, घेराबन्दी, थुनछेक र प्रचण्ड-भट्टराईको आत्मसमर्पणपछि नेपालमा गणतन्त्र र सङ्घीयता थपेर २०४७ सालको संविधान फर्काइएको छ । एमालेको बहुदलीय जनवाद नामको दलाल पुँजीवादभित्र पूर्वपञ्चहरूको विलय भएको छ । वाम गठबन्धन नामको दलाल पुँजीवादी गठबन्धन र लोकतान्त्रिक गठबन्धन नामको फासिवादी, पश्चगामी गठबन्धनको हावादारी चुनाव घोषणाको बीचमा गणितीय थपघट तलमाथि हेक तिनका बीचमा उल्लेख्य अन्तर रहेको छैन । आन्तरिक तथा विदेश नीतिमा जो आए पनि फरक आउनेछैन । एक महिना अघिसम्मका तिनीहरूले एकले अर्कोलाई लगाउने आरोप र अहिले उनीहरूको फेरिएको बोली सुन्दा उनीहरूमा कुनै नैतिक बल र आधार देखिन्न । उनीहरूको बोली मात्र फेरिएको छ । वस्तुगत जगत्मा कुनै परिवर्तन आएको छैन ।

अमेरिकामा जग्गा दलाल डोनाल्ड ट्रम्पले शीतयुद्धको नम्बर एक दुस्मन रुससँग साँठगाँठ गरेर चुनाव जितेको यथार्थ उदाङ्गो भइसकेको छ । भारतमा मोदी राष्ट्रवाद र धार्मिक साम्प्रदायिकताको जगमा प्रधानमन्त्री बनेका छन् । पुँजीवादी संसदीय व्यवस्थाको त्यसप्रकारको नैतिक पतनले नेपालका उसका नेपाली अनुयायीहरू प्रोत्साहित धम्कीले त्यसको सङ्केत गरिसकेको छ ।

नेपाल संसारभरि भाडाका सिपाही आपूर्ति गर्ने देशका रूपमा बदनाम भैरहेकै थियो । २०६२/०६३ सालपछि लाखौँ युवा विदेश पलायन हुन बाध्य छन् । दक्ष श्रमिकहरू कुनै देशले लग्दैन । नेपाल देश सिङ्गै वृद्धाश्रमजस्तो भएको छ । मानौँ यो देश हाडखोर थुपार्ने 'डम्पिङ साइट' मात्रै हो । देशमा रोजगार दिने उद्योग बेचेर खाने र युवाहरूलाई विदेश धकेल्न श्रम सम्झौता गर्न रोइकराइ गर्दै खाडी-अरब र दक्षिणपूर्वी देशहरू चहार्नुलाई दलाल शासकहरू बहादुरी ठानिरहेका छन् । यी दलालहरूलाई बाफिकोट रुकुमकी निर्मला खड्काले झैँ जुत्ता हान्नुपर्नेमा हामी ताली बजाइरहेका छौँ । नुवाकोट र सिन्धुपाल्चोकमा चेली बेच्नेहरू बदनाम भएपछि बिचौलिया शासकहरू 'वैदेशिक श्रम' का नाममा कानुन बनाएर वैधानिक रूपमा चेली बेचिरहेका छन् । पञ्चायतकालमा कानुन छलेर अथवा अख्तियारको दुरूपयोग गरेर मानव तस्करी हुन्थ्यो । आज शासक वर्ग नै मानव तस्कर भएको छ । यिनीहरूको हातमा बन्दुक र पैसा छ । त्यसैले सञ्चारमाध्यम र बुद्धिजीवी नामका भाडाका दिमागहरू पछिपछि दगुरिरहेका छन् ।

यातायात, आयल निगम, लगानी बोर्ड, खानेपानी, औषधी तथा स्वास्थ्य क्षेत्र सबैतिर यिनीहरूको एकाधिकार थालेका छन् । ५ सयभन्दा बढी नागरिकलाई जेलमा हालेर झन्डै २ लाख सुरक्षाकर्मी परिचालन गरेर चुनावको नाटक हुँदैछ । देशमा चुनाव हुँदैछ कि गृहयुद्ध हुँदैछ ? बुझ्न कठिन भएको छ । नेपालको कुनै पनि शक्ति र नेतासँग हिंसाको विरोध गर्ने नैतिक आधार छैन । प्रचण्ड जसको नेतृत्वमा त्यत्रो जनयुद्ध भयो, हजारौँ नागरिक मारिए तिनले पुँजीवादको पाउमा आत्मसमर्पण गर्नासाथ हिंसाको विरोध गरेर कसले पत्याउने ? जहाँसम्म केपी ओलीको कुरा छ, उनको अनुहारमा धर्मदत्त ढकालको घाँटी रेट्दा लागेको रगतको छिर्का अझै अनुहारमा देख्न सकिन्छ । काङ्ग्रेसको के कुरा गर्नु, तिनले राजा महेन्द्रलाई पटकपटक हत्या गर्न प्रयास गरेका होइनन् ! नेपाल प्रहरीको गठन र उदय शान्तिको जगमा भएको हो कि हिंसाको ? माओवादी कार्यकर्ता मार्न र गणतन्त्रमा जानबाट देशलाई रोक्न गठन भएको सशस्त्र प्रहरीलाई अझसम्म विघटन गरिएको छैन । के नेपालमा राजतन्त्र चुनावबाट आएको हो ? शाह वंशको उदय र विकास जनता र कबिला समाजको कुरै छाडौँ, आफ्नै खलक र भारदारको रगतमा पोखरीको बिरुवाझैँ तैरिएर हुर्केको हो । त्यसैले नेपालका शासकहरूको हिंसा विरोध शतप्रतिशत अनैतिक, तथ्यहीन, इतिहासको भ्रष्टीकरण हो ।




भएका छन् । समाजवादको नाराभित्र धनपतिको हैकम र वेश्यावृत्ति स्तर थाइल्यान्डकै हाराहारीमा पुऱ्याएको चिनियाँ पुँजीवादको बढ्दो शक्तिले पनि दलाल पुँजीवादका नेपाली पथगामीहरूलाई प्रोत्साहित गरेकै छ ।

काङ्ग्रेस अथवा एमाले गठबन्धन जसले जिते पनि नागरिकको जीवनमा खासै फरक पर्नेवाला छैन ।

विश्लेषक सीके लाले भनेझैँ ती शिक्षा र स्वास्थ्य क्षेत्रका नामुद बिचौलिया र व्यापारी हुन् । उनीहरू वीर अस्पतालमा उपचार गराउँदैनन् । नेपालमा उनीहरूका लागि डाक्टर र अस्पताल छैनन् । सरकारी अस्पताल ध्वस्त पारेर सुनिल शर्माजस्ता स्वास्थ्य र शिक्षाका दलालहरूको नियन्त्रण र आर्थिक लगानीमा उनीहरूको गुठी चलेको हुन्छ । त्रिविको सरकारी लगानी र संरक्षण रोकेर विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्राकोषको निर्देशनमा शिक्षा र स्वास्थ्यलाई आम नागरिकको पकडभन्दा बाहिर पुऱ्याउँछन् । वामपन्थी नामको एमाले गठबन्धन र लोकतान्त्रिक नामको काङ्ग्रेस गठबन्धनको अन्तर बुझ्न स्वास्थ्य क्षेत्रका बिचौलिया राजेन्द्र पाण्डे र विश्वबैङ्कका बिचौलिया रामशरण महत हेरे पुग्छ । जसले चुनाव चलिरहेकै बेला डा. गोविन्द के.सी.का नाममा नागरिकलाई धम्क्याउन थालेका छन् । तिनीहरूले सदनमा बहुमत ल्याउनु भनेको सदन र सडकको बीचमा झडप निम्तनु हो । निरङ्कुशता बढ्नु हो । वरिष्ठ पत्रकार शिव गाउँलेका शब्दमा राजकीय निकायमा केन्द्रीकरण बढ्नु भनेको निरङ्कुशता बढ्नु हो । निरङ्कुश राज्यव्यवस्थाको पहिलो प्रहार सञ्चारकर्मी र बुद्धिजीवीमाथि हुनेछ । दुरान फर्काउन नपाउँदै दुलाहा-दुलहीको मृत्यु भएझैँ मङ्सिर १० र २१ गतेको रमझमको मृत्यु हनिमुनभन्दा अगाडि नै हुनेछ । ओली र दाहालको छ । यसपटकको चुनावमा ठूलो सङ्ख्यामा ठेकेदारहरू उठेका छन् । पर्दापछाडिबाट उनीहरूकै नियन्त्रण छ । एकाधिकार पुँजीवादले लगानी गर्छ र नियन्त्रण गर्छ । आरजू राणा देउवा, अनुराधा कोइरालाजस्ता पश्चिमी देशका गुप्तचर र विनोद चौधरीजस्ता दिल्लीका दलालहरू यिनीहरूका निर्देशक छन् । अजय सुमार्गी र गोल्छाहरूको निर्देशनमा राजनीति नामको चलचित्रका नर्तकनर्तकीहरूबाट देशले समृद्धि पाउने आशा गर्नु आफैँमा मूर्खताबाहेक अरू केही हुन सक्दैन ।

गणेश लामा, चरी, दीपक मनाङ्गेजस्ता अपराधी र गुन्डाहरूको संरक्षणकर्ता र स्वार्थ समूहको गुट स्वार्थ समायोजन गरेर त्यसको जगमा उच्च सिंहासनमा पुग्नु तिनीहरूको राजनीति हो । मदन भण्डारीदेखि राजा वीरेन्द्रको हत्यासम्ममा जोडिएका तत्वहरूका संरक्षक पनि यिनीहरू नै हुन् । सुन्दा अप्रिय ठान्नेहरू पनि होलान् । यी बहुदलीय व्यवस्थाका 'भूमिगत गिरोह' हुन् । असचेत मान्छेको झुन्ड र ताली बजाउने भीड नै जनमत हुँदैन । त्यसलाई जनमत मान्ने हो भने पञ्चऱ्यालीलाई के भन्ने ? बहुदलीय गिरोहले देशको समृद्धि सम्भव छैन ।

आज वाम गठबन्धन नामको एमाले गठबन्धनको नियन्त्रण दोस्रो विश्वयुद्धपछि कम्युनिस्टसँग लड्न जासुसी गर्न र समानान्तर सरकार चलाउन परिकल्पना गरिएको प्रायोजित गैरसरकारी संस्थासँग छ । एमाले पार्टीमा कसलाई जिताउने, कसलाई पछार्ने भन्ने कुरामा निर्णय महाधिवेशनका प्रतिनिधिले होइन इन्सेक, डिप्रोक्स, सिविनहरूले गर्छन् । त्यसकारण यिनीहरूले समाजवाद होइन, निगम पुँजवादलाई नै प्रश्रय दिन्छन्, दिइरहेका छन् ।

शासकहरूले अहिले शान्ति र विकासको गीत गाउन

नेकपाले शान्तिपूर्ण विरोधका कार्यक्रम गर्दा अवरोध नगरेको भए, प्रतिस्पर्धा गर्ने, खण्डन गर्ने, साहस गरेको भए अर्को बाटोमा जानुपर्ने थिएन । ५ सयभन्दा बढी नागरिकलाई जेलमा हाल्ने चुनावको नैतिक बल कति होला ! यो चुनावले हजारौँ नागरिकलाई दलाल ससदीय व्यवस्थाको विपक्षमा धकेलेको छ । प्रतिशोधको भावना जागृत गराएको छ ।

चुनावलगत्तै सत्ताधारीहरूले विदेशीको चाकरी गर्ने र आशीर्वाद थाप्ने प्रतिस्पर्धा हुनेछ । देउवाले अरुण तेस्रो, कोसी उच्च बाँध र माथिल्लो कर्णाली 'जसरी पनि बनाउने' भनिसकेका छन् । ठूलो रकम घूस खाएर अपारदर्शी रुपले बदनाम चिनियाँ कम्पनी गेजुवाको हातबाट खोसेको बूढीगण्डकी आयोजना विदेशीलाई नै फिर्ता दिने ओली-दाहालको ताबेदारी सुनिएकै छ । स्वास्थ्य क्षेत्रका बिचौलिया र तिनका मालिक ओली-दाहालहरू डा.गोविन्द के.सी.लाई धम्क्याउन थालेका छन् । प्रवेशिका परीक्षा अनुत्तीर्ण भएका, जेलमा किताब सारेर उत्तीर्ण भएका केपी ओली र शेरबहादुरले देशलाई बनाउने क्षमता पनि हुने कुरा भएन । उनीहरूमा त्यसका लागि इमानदारी पनि देखिन्न । एमाले-माके गठबन्धन सरकार बन्ने अनुमान गरी गोरखामा पुगेर बाबुराम भट्टराईलाई धारेहात लगाएर लाभको पदका लागि वातावरण बनाउने भाडाका बुद्धिजीवीले सकारात्मक भूमिका खेल्लान् भन्ने आशा पनि नगर्दा हुन्छ ।

चुनावलगत्तै देशको लुटपाट र दमन सुरु हुनेछ । त्यसका विरुद्ध प्रतिरोध अनिवार्य छ । स्वार्थ समूहको उक्साहटमा शासकहरू दमनमा उत्रने छाँटकाँट देखिइसकेको छ । त्यसपछि उनीहरू 'अक्षम' भनेर फालिने दिन पनि नआउला भन्न सकिन्न । के शासकहरूको बुद्धि फेरिएला !


# झण्डै ६ सय नेता कार्यकर्ता गिरफ्तार

■ रातो खबर संवाददाता/

गएको स्थानीय तहको निर्वाचनदेखि नै नेकपाले शान्तिपूर्ण रुपले चुनाव खारेजी अभियान चलाएको थियो । जनसभा, पर्चा, पोष्टर, भित्तेलेखन जस्ता विधिहरु प्रयोग गरेर आफ्ना विचारहरु जनसमक्ष लगेको हो। नेकपाको पक्षमा जनमत प्रकट हुँदासाथ प्रशासनले बल प्रयोग गर्‍यो। भित्तामा नारा लेखिरहेका कार्यकर्ता पक्रिए। पोष्टर च्यातेर फाल्न थालियो। महेन्द्रनगर, सुर्खेत, चितवन, विराटगनर, विरगन्जलगायत खुला सभाहरुमा प्रहरी हस्तक्षेप भयो । स्थानीय प्रशासनले चुनावको विपक्षमा गतिविधि गर्न नदिने 'माथिको आदेश' भन्दै हस्तक्षेप र पक्राउ गर्न थाले। नेकपाले शान्तिपूर्ण कार्यक्रम गर्न नदिने भए अर्को बाटो जान बाध्य हुने चेतावनी दिएको थियो तर सरकारले सुनेन। सरकारी र सरकारी विचारका वाहक बुद्धिजीवीहरुले वेवास्ता गरिरहे। नेकपाको विचार जनतामा जान नदिने र आफ्ना जनविरोधी तथा राष्ट्रविरोधी हर्कत एकछत्र चलाउने दाउमा सरकार देखिन्छ । जनतालाई सही विचारबाट रोक्ने उद्देश्यले सरकारी गठबन्धन, दलाल संसदीय व्यवस्था र त्यसका वाहक चारैवटा अङ्गहरु मिलिभगत गरिरहेका छन् । अस्पतालमा उपचार गराइरहेका, कक्षा कोठामा पढिरहेका सबै पक्राउ गर्न थालियो । नेकपाको विचार र संगठनको उदयभित्र प्रचण्ड-बाबुराम मण्डलीको निषेध निहित छ र त्यससँगै दलाल संसदीय व्यवस्थाको जनविरोधी, देशद्रोही चरित्र उदाङ्गो हुनेवाला छ । त्यसकारण नेकपामाथि सरकारी पूर्वाग्रह र दमनकारी नीति कायम छ। जब नेकपाले प्रतिरोध गर्‍यो संसदीय व्यवस्थाका छट्टुहरु कोकोहोलो गरिरहेका छन् र उनीहरुद्वारा पालिएका भाडाका बुद्धिजीवीहरु 'वेश्याले पतिब्रताको दाबी गरेझैं' गरिरहेका छन् । देशभित्र विदेशी सेनाले परेड खेल्दा एक शब्द बोल्न नसक्ने लाचार सुरक्षा निकाय धम्कीको भाषा बोलेर 'प्रभुको चाकरी' गर्दैछ। यो समाधान होइन। त्यसप्रकारको भूमिका र शैलीले नकारात्मक इतिहासको पुनरावृत्त मात्र गर्नेछ। समयमै सम्बन्धित सबैको ध्यान पुगोस्।

कार्तिक १७ गतेदेखि यता मंगलबार साँझसम्म झण्डै ६ सय जना गिरफ्तार गरिसकेको छ। प्रहरीले अधिकांश नाम गुपचुप राखेको छ। हामीलाई प्राप्त थप विवरण तल प्रस्तुत गरिएको छ -







| क्र.सं | मिति | नाम | गिरफ्तार गरिएको स्थान | आबद्धता | कैफियत |
|---|---|---|---|---|---|
| १५७. | २०७४/०८/०३ | गजेन्द्र चन्द | बैतडी | नेकपा (माके) | – |
| १५८. | " " | प्रेमसिंह कार्की | ,, | ,, | – |
| १५९. | २०७४/०८/०५ | मनिक लामा | मध्य बानेश्वर काठमाडौं | तामाङ अध्यक्ष | निवासबाट गिरफ्तार |
| १६०. | " " | सरला रेग्मी | कोटेश्वर, काठमाडौं | अधिकारकर्मी | ,, ,, |
| १६१. | " " | आजोन (पुत्र सरला रेग्मी) | ,, ,, | विद्यार्थी | पिता नेकपाका नेता रहेका कारण पक्राउ |
| १६२. | " " | धुर्व रेग्मी | – | पार्टी सदस्य | – |
| १६३. | " " | हिमालसिंह राई | त्रियुगा नपा, उदयपुर | मजदुर संगठन | निवासबाट गिरफ्तार |
| १६४. | " " | जानुकामाया तामाङ | त्रियुगा ३, मोतिगाडा, उदयपुर | जिल्ला समिति सदस्य | – |
| १६५. | " " | दिल्लीप्रसाद दुलाल | चौरीदेउराली ८, काभ्रे | पार्टी सदस्य | – |
| १६६. | " " | रामकुमार तामाङ | बनेपा, काभ्रे | पार्टी सदस्य | – |
| १६७. | " " | भीमसेन गौतम | चौरीदेउराली ८, काभ्रे | पार्टी सदस्य | – |
| १६८. | " " | मिलन रायमाझी | पनौती, काभ्रे | पार्टी सदस्य | – |
| १६९. | " " | झगबहादुर क्षेत्री | अर्जुनचौपारी ५, बगाले, पर्वत | पर्वत सह-इन्चार्ज | – |
| १७०. | २०७४/०८/०५ | अकलु यादव | रानीघाट, विरगञ्ज, बारा | | सार्वजनिक |
| १७१. | २०७४/०८/०६ | राजनकुमार प्रसाद | " " " | | " |
| १७२. | २०७४/०८/०६ | विस्नु जि.सी. | नेपालगञ्ज, बाँके | युवा अध्यक्ष | – |
| १७३. | " " | टासी याउदु | लेखनाथ ८, कास्की | – | – |
| १७४. | " " | लक्ष्मण रानाभाट | देउचुली ४, नवलपरासी | – | – |
| १७५. | " " | दाताराम भट्टराई | ,, ,, | – | – |
| १७६. | " " | कृष्णराज पराजुली | गैंडाकोट, नवलपरासी | – | – |
| १७७. | " " | राजु पौडेल | वालिङ, स्याङ्जा | – | – |
| १७८. | " " | दुर्गाबहादुर थापा | ,, ,, | – | – |
| १७९. | " " | शेरबहादुर थापा | भीरकोट नपा, स्याङ्जा | – | – |
| १८०. | " " | थानेश्वर के.सी. | पुतलीबजार नपा, स्याङ्जा | – | – |
| १८१. | " " | राजाराम लाखे | भक्तपुर नपा ७, भक्तपुर | – | समर्थक |
| १८२. | " " | किरण गोसाई | ,, ,, | – | ,, |
| १८३. | " " | धनराज तामाङ | भक्तपुर | – | खोटाङ निवासी |
| १८४. | २०७४/०८/०७ | सञ्जय धामी | विनायक, पञ्चदेन २, अछाम | युवा केन्द्रीय सदस्य | मलामी जाँदै गर्दा |
| १८५. | " " | राजकुमार के.सी. | जरसिंपौवा, काठमाडौं | शिक्षण पेशा | – |
| १८६. | " " | रमेश श्रेष्ठ | ओखलढुंगा | युवा संगठन | उषदेवी माविका ६ विद्यार्थी सहित |
| १८७. | " " | प्रेम जिम्बा | गैंडाटार, चन्द्रपुर नपा, रौतहट | जिल्ला सदस्य | |
| १८८. | २०७४/०८/०७ | डि.पी. लामा | अमलेखगञ्ज, बारा | जि.स. सदस्य | |
| १८९. | " " | तासी बान्दुङ | पोखराडाँडा, कास्की | तिब्बती शरणार्थी | मुद्दा : सा.अ. |
| १९०. | " " | मधुसुधन पौडेल | शिवपुरी-३, नुवाकोट | प्र.अ. (शिक्षक) | |
| १९१. | " " | खिममाया परियार | भगवति मावि, इलाम | शिक्षिका | |
| १९२. | " " | डम्बर मगर | इलाम | युवा संगठन | |
| १९३. | " " | गोपाल पौडेल | भरतपुर-११, चितवन | सदस्य, नेकपा | |
| १९४. | २०७४/०८/०७ | मिरहुसेन मियाँ | " " " | | " |
| १९५. | " " | कमलेश साह | " " " | | " |
| १९६. | " " | सञ्जय साह कलवार | " " " | | " |
| १९७. | " " | धनञ्जय मल्ल | जलजला गा.पा.-३, माझफाँट पर्वत | | " |
| १९८. | " " | बासु पौडेल | गुलरिया नपा, बर्दिया | अध्यक्ष, शिक्षक | |
| १९९. | २०७४/०८/०८ | चन्द्रबहादुर चन्द 'विरजंग' | बुढानिलकण्ठ, काठमाडौं | पीवीएम, नेकपा | |
| २००. | " " | प्रतिमा बजगाईं | ललितपुर | डिसिएम, ललितपुर | |
| २०१. | " " | सूर्य विश्वकर्मा | | पार्टी सदस्य | |
| २०२. | " " | गणेश अर्याल 'युद्ध' | माछागढ, बर्दिया, | सेक्रेटरी, बर्दिया | |
| २०३. | " " | अशोक रोका | थवाङ गापा, उवा, रोल्पा | सर्वसाधारण | |
| २०४. | " " | दिपेन्द्र पुन | | | |
| २०५. | " " | उमेश चौधरी | तुल्सीपुर, दाङ | सदस्य, नेकपा | |
| २०६. | " " | सन्तोष तामाङ | सिमरा-जितपुर उपनपा १६, बारा | पार्टी समर्थक | घरबाटै गिरफ्तार |
| २०७. | " " | पूर्वेली कान्छा | भरतपुर मनपा १२, गोन्द्राङ, चितवन | मजदुर संगठन | |
| २०८. | " " | पूर्णबहादुर राई | ,, ,, ,, ,, | ,, ,, | |
| २०९. | २०७४/०८/११ | सुशन पौड्याल | भरतपुर, चितवन | रातोखबर संवाददाता | |
| २१०. | " " | सुमन पौडेल | अर्घाखाँची | इञ्चार्ज, नेकपा | |
| २११. | " " | रुद्र भट्टराई | भरतपुर नपा-११, चितवन | विद्यार्थी के.स. | |
| २१२. | " " | रमेश न्यौपाने | " " | विद्यार्थी | |
| २१३. | २०७४/०८/१२ | विष्णु परियार 'शक्ति' | बाँसगढी नपा, बर्दिया | जिल्ला सदस्य | |
| २१४. | " " | दिपेन्द्र बस्नेत | गुलरिया नपा, खैरापुर, बर्दिया | जिल्ला सदस्य | |
| २१५. | " " | ओम हमाल | पोखरा, कास्की | जनसंचार अनलाइन | जनसंचारको कार्यालयबाट गिरफ्तार |
| २१६. | " " | रमाकान्त बास्तोला | " " | रातोखबर संवाददाता | |

## चुनावको पूर्वसंध्या ...

निर्वाचन आयुक्त अयोधीप्रसाद यादवको घरमै बम फेलापर्‍यो । निर्वाचनको अघिल्लो दिन ललितपुरको धापाखेलमा रहेको यादवको घरमा फेलापरेको बम नेपाली सेनाले डिस्पोज गरेको छ। उता जनकपुरमा राष्ट्रिय जनता पार्टी नेपालबाट प्रतिनिधि सभाका लागि उम्मेदवार बनेका राजेन्द्र महतोको घर लक्षित बम विस्फोट भएको छ । शनिबार राती भएको उक्त विस्फोटबाट कुनै मानवीय क्षीत भने नभएको प्रहरीले जनाएको छ । सोही पार्टीका अर्का नेता शरतसिंह भण्डारीको घरमा पनि बम विस्फोट भएको छ।

राज्यमन्त्रीसमेत रहेका काङ्ग्रेस नेता शम्भुलाल श्रेष्ठको घरमा पनि शनिबार राति बम विस्फोट भयो। सर्लाहीमा रहेको श्रेष्ठको घरमा भएको बम विस्फोटबाट घरको बाहिरी पर्खाल ढलेको छ । गएको स्थानीय चुनावताका पनि श्रेष्ठले सञ्चालन गरेको क्रसर उद्योगमा बम विस्फोट हुँदा करोडौंको क्षति हुन पुगेको थियो । काङ्ग्रेसका मकवानपुर सभापति तथा पूर्वगृहराज्यमन्त्री समेत रहेका इन्द्र बानियाँको चुनाव प्रचारप्रसार समितिको कार्यालयमा पनि बम विस्फोट भयो । विस्फोटका कारण कार्यालय भवनमा क्षति पुगेको बताइएको छ।

उता माओवादी केन्द्रका नेता एवम् रोल्पाबाट प्रतिनिधि सभाका उम्मेदवार बनेका वर्षमान पुन लगातार ३ पटक बम आक्रमणमा परेका छन् । रोल्पाका नेकपाका कार्यकर्ताहरू पक्राउ गर्न उर्दी गर्ने र सञ्चारमाध्यममा नेकपाविरुद्ध चर्को शैलीमा अन्तरवार्ता दिएपछि लगातार नेकपा समर्थित स्थानीय युवाको लखेटाइमा परेका हुन्। माओवादी केन्द्रकै अर्का नेता डिलाराम आचार्यको घरमा पनि बम प्रहार भएको छ। रूपन्देहीको बुटवलमा रहेको आर्चायको घरमा प्रहार भएको बम नेपाली सेनाले डिस्पोज गरेको हो।

# गिरफ्तार गरिएकाहरूलाई रिहा नगरे कडा सङ्घर्ष हुने

■ निरा क्षेत्री/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी जनकपुर ब्युरोले चुनावी सुरक्षाका नाममा आफ्ना पार्टीका नेता-कार्यकर्ताहरूलाई गिरफ्तार गरी र झूट्टा मुद्दामा फसाउने काम गरेको भन्दै यस्तो हर्कत बन्द गर्न सरकारलाई आग्रह गरेको छ । ब्युरोले बिनाकारण गिरफ्तार गरिएका आफ्ना नेता कार्यकर्ताहरूलाई रिहा नगरे तत्काल कडा सङ्घर्षका कार्यक्रम सार्वजनिक गर्ने पनि बताएको छ । केन्द्रीय सदस्य तथा ब्युरो इन्चार्ज सन्देश पौडेलद्वारा जारी प्रेस वक्तव्यमा भ्रष्टाचारलाई संस्थागत गर्न र त्यसको सञ्जाल देशव्यापी विस्तार गर्न निर्वाचनको नाटक गरिएको बताइएको छ। देशव्यापी निर्वाचन खारेज अभियान सञ्चालन गरिरहेको नेकपाले आफ्ना ४ सयभन्दा बढी नेता-कार्यकर्ता पक्राउ गरिएको पनि वक्तव्यमा उल्लेख गरेको छ। विज्ञप्तिको पूर्ण पाठ यसप्रकार रहेको छ :

दलाल संसदीय पुँजीवादी शासकहरूले गर्न थालेको कथित निर्वाचन नेपाल र नेपाली जनताका पक्षमा छैन भन्ने कुरा दिनको घामझैं छलङ्ग छ। राष्ट्रघाती कदमहरूलाई गुणात्मक रूपमा बढाउन र भ्रष्टाचारी सञ्जाललाई देशव्यापी विस्तार गर्न जनतामाथिको उत्पीडनलाई अझ तीव्र बनाउन असफल साबित भैसकेको पुँजीवादी संसदीय व्यवस्थालाई सिँगारपटार गर्ने अन्तिम प्रयासस्वरूप यो निर्वाचनको नाटक गरिएको छ। अहिले निर्वाचनसम्म आइपुग्दा संसदीय पुँजीवादी व्यवस्थाले आफ्नो सक्कली अनुहार भद्दा ढङ्गले प्रदर्शन गर्दैछ। देशव्यापी रूपमा झन्डै ४ सयभन्दा बढी जनता र हाम्रो पार्टीका कार्यकर्ताहरूलाई गिरफ्तार गरी हिरासतमा राख्ने तथा झूट्टा मुद्दामा फसाउने काम गरिरहेको छ। यसै क्रममा हाम्रो पार्टीका जनकपुर ब्युरोका सिन्धुली, महोत्तरी र सप्तरी जिल्लाका ७ जना कार्यकर्तालाई गिरफ्तार गरिएको छ । गिरफ्तारीमा पर्नेहरूमा सिन्धुली जिल्ला पार्टी सदस्य हरिहरपुरगढी गाउँपालीका वडा नं. २ निवासी क. डोरबहादुर राई, यसैगरी हरिहरपुरगढी गाउँपालिका वडा नं ३ का भक्तबहादुर विक, हरि हरपुरगढी गाउँपालिका बडा नं १ का शुकबहादुर सिंह, गोलन्दर गाउँ विकास समिति फुर्कोटका जुद्धबहादुर विक, सुनकोसी गाउँपालिकाका केदार माझी हुनुहुन्छ । त्यसैगरी महोत्तरी बर्दिबास १ का तिलक लामा र सप्तरी जिल्ला सदस्य खगेन्द्र पोखेललाई गिरफ्तार गरिएको छ । गिरफ्तार गरिएकाहरूलाई तत्काल रिहाइको माग गर्दछौं । हाम्रो पार्टीका सिन्धुली जिल्ला सेक्रेटरी हरिशरण घिमिरेको घरमा राती ९ बजे गई श्रीमती र बच्चाहरू मात्र भएको अवस्थामा प्रहरीले गाली बेइज्जती गर्ने र ज्यान मार्ने धम्की दिँदै मानसिक रूपमा यातना दिने काम गरेको छ। सँगै हाम्रो पार्टीका ब्युरो सदस्य तथा न्याय विभाग प्रमुख महोत्तरी जिल्ला हात्तीलेट घर भएका प्रेम राणाको घरमा खानतलासी गरी परिवारलाई धम्की दिनेजस्ता हर्कत गरिएका छन्। यी सबै कार्यको जनकपुर ब्युरो घोर भर्त्सना गर्दछ। तत्काल यसप्रकारका हर्कत बन्द नगरे कडाभन्दा कडा खालका सङ्घर्षका कार्यक्रम अघि बढाइने जानकारी गराउँछौं।

# सरकार निर्वाचन गराउँदैछ कि गृहयुद्ध ?



गोकुल दाहाल

देश कथित निर्वाचन र प्रतिरोध सङ्घर्षले तवाहतवाह छ । दिनहुँजसो विस्फोटका घटनाहरू भइरहेका छन् । कथित निर्वाचन सफल बनाउन र विजयी हुन भन्दै उम्मेदवार र उनका आसेपासेहरू जबर्जस्त जनताको घरदैलो चहारिरहेका छन् भने अधिकांश जनताले कथित निर्वाचनले देशको समस्या समाधान गर्ने र राष्ट्रिय आवश्यकता पूरा गर्ने सन्दर्भमा रत्तिभर विश्वास गरेका छैनन् । बरु निर्वाचन बिथोल्ने गतिविधिमा संलग्न रहेको भन्दै निहत्था छरछिमेकीहरू, साथीभाइ र इष्टमित्रहरूलाई प्रहरी प्रशासनले सङ्कटकालको पुनः स्मरण हुने गरी धरपकड र गिरफ्तारी गर्ने, गाउँबस्तीमा घेराबन्दी गरी छापामारेर जनतालाई आतङ्कित पार्ने सरकारी रवैयाप्रति चिन्तित तथा आक्रोशित बन्दै गएका छन् । आस्था, विचार र आदर्शप्रति समर्थन गरेकै आधारमा स्कुलका कक्षाकोठामा अध्यापन गरिरहेका शिक्षकशिक्षिकाले आज हिरासतमा बस्नुपरेको छ । समाचार सङ्कलन गर्न हिँडेका पत्रकारहरूलाई प्रहरीले गिरफ्तार गरेको छ । स्कुल हिँडेका विद्यार्थी जेल बस्नुपर्ने अवस्था दलाल सरकारले उत्पन्न गरेको छ । खेतीपाती, व्यापारधन्दा गरी बसेका नागरिकहरूमाथि राज्यले यस्तो ज्यादती गर्दासमेत राष्ट्रिय मानवअधिकार आयोग, अधिकारकर्मीहरू, लेखक, बुद्धिजीवी, सञ्चारमाध्यमहरू राज्यको आततायी, अमानवीय र असंवैधानिक कार्यप्रति कुनै टिप्पणी र खबरदारी गरिरहेका छैनन् । कथित निर्वाचन सफल बनाउन शान्तिसुरक्षा कायम गर्न भन्दै निर्दोष नागरिकलाई आफ्नो कामधन्दा र पेसास्थलबाट गिरफ्तार गरिनु नागरिकको मानवअधिकार, पेसा स्वतन्त्रताको अधिकार राज्यद्वारा नै अपहृत हुनु सामान्य घटना होइन । यस्ता घटनाप्रति राष्ट्रिय मानवअधिकार आयोग मौन रहनुले विषयलाई रहस्यमय बनाएको छ । यस्ता सन्दर्भहरू आजभोलि हरेक नागरिकको चिन्ता र चासोका विषय बनेका छन् ।

देशमा हाल पैदा भएका र विगत लामो समयदेखि समाधान हुन नसकेका समस्याहरूको समाधान संसदीय व्यवस्थाबाट सम्भव छैन । देशको आमूल परिवर्तनको आवश्यकताको पूर्ति वर्तमान राजनीतिक प्रक्रिया र परिपाटीबाट सम्भव छैन भन्ने आफ्नो सुस्पष्ट दृष्टिकोणसहित नेपाल कम्युनिस्ट पार्टीले वर्तमान संसदीय सत्ता र यसको संरक्षणमा जारी गरिएको कथित नयाँ संविधानप्रति असहमति राख्दै आएको विषय सबैमा विदित थियो । पुरानो सत्ता र कथित नयाँ संविधान खारेजीको माग गर्दै विकल्पमा वैज्ञानिक समाजवादी व्यवस्थामार्फत नेपालमा खडा भएका र गरिएका सबैखाले समस्या समाधान गर्दै जनतालाई अधिकार सम्पन्न, राष्ट्रलाई स्वतन्त्र बनाएर देशलाई शान्ति दिन सकिन्छ भन्ने वैज्ञानिक विकल्पसहित नेकपाले देशभर जनतालाई प्रशिक्षित गरिरहेको विषय पनि कतै छिपेको छैन । विगत लामो समयदेखि देश ठूलो राजनीतिक सङ्क्रमणबाट अघि बढिरहेको परिस्थितिमा स्थिरता कायम राख्न, राजनीतिक सङ्कटबाट पैदा हुने सङ्कट मोचन गर्न नेकपाले नितान्त नयाँ प्रकारको कार्यदिशा एकीकृत जनक्रान्तिमार्फत देशलाई स्थिरता, शान्ति, समृद्धि, स्वतन्त्रता र स्वाधीनताका लागि वैज्ञानिक समाजवाद भन्ने नारा नै तय गरेर देशव्यापी अभियान चलाउँदै आएको छ । वर्ग, लिङ्ग, जातजाति, क्षेत्र र पेसामा रहेका उत्पीडित जनसमुदायका साथै सुरक्षाकर्मी, सच्चा देशभक्तहरू, सबै पार्टीभित्रका इमानदार देशभक्त र स्वाभिमान नेता-कार्यकर्ताहरूलाई राष्ट्रिय स्वाधीनता र स्वतन्त्रता प्राप्तिको अभियानमा सहयोग गर्न र सहभागी बन्न अपिल गर्दै आएको छ । आफ्नो विचार र कार्यक्रमलाई निर्बाध जनतामा सम्प्रेषण गर्न दिन र शान्तिपूर्ण प्रतिस्पर्धा गर्न पाउने जनताको हकलाई बन्देज नगर्न पटकपटक सरकारलाई आग्रह गरेकै थियो । शान्तिपूर्ण रूपमा गरिने विचार, राजनीतिको प्रतिस्पर्धालाई सरकारले बन्देज लगाएमा प्रतिरोध सङ्घर्षको नेतृत्व नेकपाले लिने

> slyt gofF;Hjwfg hf/L ePkl5 klg hgtfdf ;Qfk|t a9b}uPsf] cfqmf]z / 3[0ffnf0{slyt lgjf{gsf]gf/fdf ;d[4sf]kmf];f] ;kgf af8F] hgtfnf0{lbUe|dt kfg{/ cf^gf] ;Qfnf0{yk ;+yfut ub{slyt j}wflgstf lbg] if8\Gqk"0f{vn]df ;+bLo}fbLx¿ 5g\.

र त्यसको निशाना दलाल प्रवृत्ति र पात्रहरू हुने कुरा पनि नेकपाले पटकपटक सार्वजनिक गरेकै थियो । देशलाई युद्ध आवश्यक नभएको, क्रान्ति अपरिहार्य आवश्यकता भएको तथ्य स्मरण गराउँदै नेकपाका महासचिव क. विप्लवले पटकपटक सरकारलाई शान्तिपूर्ण प्रतिस्पर्धामा आउन आग्रह गरेका गरे पनि सरकार र दलाल सत्ताका मतियारहरू नेकपाले अघि सारेको वैज्ञानिक दृष्टिकोणबाट भयभीत हुँदै सत्ताको शक्ति र बन्दुकको बलमा दमन गरेर नेकपालाई पाखा लगाउने युद्ध थोपर्दै समाप्त गर्ने षड्यन्त्रमा लागेको तथ्य उल्लिखित घटनाबाट पुष्टि भएको छ ।

यसरी हेर्दा संसदीय व्यवस्थाका पक्षपातीहरू (जो देशमा स्थिरता, समृद्धि, स्वाधीनता र स्वतन्त्रता चाहँदैनन्) ले नेकपाको वैज्ञानिक विचार, दृष्टिकोण र कार्यक्रमले नेपाली समाजको वास्तविकताको सम्बोधन गर्ने, समस्याहरूको सही पहिचान गर्ने र मुलुकका समस्याहरू समाधानको प्रक्रियामा जाने वातावरण पैदा हुँदै जाने क्रममा जनता नेकपाको समर्थनमा छिट्टै उभिने र आफ्नो लूटको सत्ता समाप्त हुने त्रासले सचेत हुँदै सुनियोजित ढङ्गबाट एउटा तीरले दुईवटा सिकार गर्ने योजनामा अघि बढेको देखिन्छ । पहिलो : कथित नयाँ संविधान जारी भएपछि पनि जनतामा सत्ताप्रति बढ्दै गएको आक्रोश र घृणालाई कथित निर्वाचनको नारामा समृद्धिको फोस्रो सपना बाँडेर जनतालाई दिग्भ्रमित पार्ने र आफ्नो सत्तालाई थप संस्थागत गर्दै कथित वैधानिकता दिने षड्यन्त्रपूर्ण खेलमा संसद्वादीहरू छन् । दोस्रो : नेकपाले पुरानो सत्ता र कथित नयाँ संविधान नमान्ने बरु विकल्पमा वैज्ञानिक समाजवादी व्यवस्थाका नीति, कार्यक्रम जनतामा लागू गर्दै पुरानो सत्तासँग सम्पूर्ण रूपले प्रतिस्पर्धा गर्ने घोषणा गरेयता नेकपाले निर्वाचन अस्वीकार गर्ने कुराप्रति सचेततापूर्वक जानकार भई त्यसैबखत निर्वाचनविरोधी भनेर कथित निर्वाचनको आडमा दमन गर्ने र प्रतिरोध सङ्घर्षका घटनालाई कथित तथ्य देखाएर राष्ट्र र जनतामा युद्ध थोपर्ने जसको कारण नेकपाप्रति बन्दै गएको जनताको ऐक्यबद्धता र लोकप्रियतामा भाँजो हाल्ने साथै जनतालाई त्राहीमाम बनाएर संसदीय व्यवस्था मान, संसदीय संविधान मान, संसदीय राज्यप्रणाली ठीक हो भनेर आफ्नो व्यवस्था लाद्ने षड्यन्त्र संसद्वादी दलाल सत्ताका मतियारहरूले जानीबुझी रचेको योजनाको फन्दामा मुलुकको राजनीति प्रवेश गरेको छ ।

त्यसकारण देशका सचेत नागरिकहरू, अधिकारकर्मी, लेखक, बुद्धिजीवी, युवा, विद्यार्थी, मजदुर, किसान, सेना, प्रहरी, इमानदार देशभक्त राजनीतिककर्मीहरू र सबै तह र तप्काका परिवर्तनकामी जनसमुदायले देशमा अघि बढिरहेको प्रसव स्थितिको पूर्वसन्ध्यामा सोच्न जरुरी छ । राज्यले जानीबुझी योजनाबद्ध तरिकाबाट मुलुकलाई युद्धमा धकेल्ने प्रपञ्च अघि बढाइसकेको सन्दर्भ चनाखो हुँदै राज्यको युद्ध नीतिप्रति खुलेर प्रतिवाद गर्न जरुरी छ । नागरिकहरूको वाक्स्वतन्त्रता र विचार स्वतन्त्रताको हकलाई प्रतिबन्ध लगाउने र त्यसबाट उत्पन्न आक्रोश र प्रतिरोधलाई बहाना बनाएर देशलाई युद्धमा धकेल्ने प्रपञ्चमा नेपाली सेना र प्रहरी कुनै हालतमा फस्नु हुन्न । नुनको सोझो गर्ने परम्परालाई सेना र प्रहरीले विवेकको जगमा बदल्नु पर्दछ । शासकको निर्देशनमा जनतालाई दमन गर्ने सेना र प्रहरीले परम्परागत विरासत भत्काउँदै सत्य र न्यायका पक्षमा उभिएर जीवनशील भविष्य रोज्नु पर्दछ । सबैसबै एकताबद्ध भएर यस्तो बेला दलाल संसदीय व्यवस्थाका मतियारहरूलाई सोध्न सक्नुपर्छ- तिमीहरू निर्वाचन गराउँदैछौ कि युद्ध ?

---

जी.बी. आचार्य, अधिवक्ता

# निर्वर्गीय समाजको अभ्यास

*'धनवाद तिम्रो जनवाद हाम्रो एक दिन दाँजौंला ।*
*आमाको काखमा देशको नाममा एक दिन बाँधौंला ।।'*

कवि भूपि शेरचनले नयाँ इयाउरे कवितासङ्ग्रहमा २०१० सालमा लेखेको इयाउरे कविता साप्ट लिएँ मैले । मूलतः पुँजीवाद र समाजवादबीचको सङ्घर्षलाई आधार बनाएर उनले कविता लेखेका थिए र जनवाद र धनवादको बीचमा तुलना गरेका थिए । आज नेपाली राजनीतिमा अर्को वाद पनि थपिएको छ त्यो हो डनवाद । कवि भूपि आज जीवित नै भएको भए अर्को सशक्त काव्यिक भटारो हान्ने थिए होला किनभने आज नेपाली राजनीतिमा धनवाद र डनवाद हाबी भएको छ । जनवादको मुद्दा किनारा लागेको छ । धनवाद र डनवादको अन्तर्घुलनबाट नयाँ संविधान जन्मेको छ र नयाँ संविधानको कार्यान्वयन आज कथित मूलधारका राजनीतिक पार्टीहरूको एक मात्र अभीष्ट बनेको छ ।

कथित मूलधारका राजनीतिक पार्टिहरूका लागि यो संविधानको कार्यान्वयन जीवनमरणको सवाल बनेको छ । स्थानीय निर्वाचनपछि अहिले सरकार र दलहरू प्रदेशसभा र केन्द्रीय संसद्को निर्वाचनप्रक्रियामा व्यस्त छन् । संविधान कार्यान्वयनका लागि यी दुई निर्वाचन अपरिहार्य बनेको सुगाराटाइ ती दलहरूले गरिरहेका छन् र उनीहरू निर्वाचनप्रक्रियामा होमिएका छन् । दलहरू मात्र होइन, अपवादबाहेक चिकित्सक, कानुन व्यवसायी, इन्जिनियर, शिक्षक, प्राध्यापक, पेसाकर्मी, प्राविधिक, व्यापारी, उद्योगपतिलाई निर्वाचनमा सक्रिय सहभागी बनाइएको छ । मुलुक निर्वाचनमय भएको घोषणा दलहरूले गरिसकेका छन् निर्वाचनका पक्षमा भने स्वघोषित चौथो अङ्ग भनिएका अधिकांश पत्रकारहरूको चटारो भ्रन विष्मयकारी छ । आज मुलुकमा कस्तो भ्रम फैलाइएको छ भने मुलुकका सबै जनता चुनाव चाहन्छन् । अब मुलुक चुनावबिना रहन सक्दैन । पत्रपत्रिकादेखि रेडियो, टेलिभिजनजस्ता विद्युतीय सञ्चारका साधनले केवल निर्वाचनका बारेका सामग्री प्रचार गरेका छन् । मध्यमवर्गका बुद्धिजीवी पनि निर्वाचनलाई कसरी सफल बनाउने भनेर माथापच्ची गरिरहेका छन् । उनीहरूको सम्पूर्ण तागत निर्वाचनका लागि खर्च भएको छ । विदेशी नियोगहरू पनि निर्वाचन सफल बनाउन मरिहत्ते गरिरहेका छन् । तिनीहरूको व्यस्तता हेर्दा यो निर्वाचन नेपाल र नेपालीलाई नभई विदेशी नियोगका कर्मचारीलाई पो चाहिएको छ । हुँदाहुँदा मुलुकमा कस्तो वातावरण सिर्जना गरिएको छ भने सबैखाले समस्याको समाधान भनेको केवल निर्वाचन नै हो र आसन्न निर्वाचनपछि नेपाली समाजमा कुनै समस्या बाँकी रहने छैनन् ।

'वर्गीय समाजमा सबै कुरा वर्गीय हुन्छन्' भनी द्वन्द्ववादीहरू मान्छन् । यसको अर्थ नेपालमा हुन लागेको यो निर्वाचन पनि वर्गीय हितका लागि नै हो भन्दा अतिशयोक्ति नहोला । निर्वाचनप्रक्रिया आज विश्वका लोकतान्त्रिक विधि अवलम्बन गरेका मुलुकले सरकार निर्माणमा अवलम्बन गरको विधि हो । सत्तासीनहरूले आफ्नो स्वार्थ सिद्ध गर्न दुनियाँलाई बेवकुफ बनाउन निर्वाचनको नाटक गरिरहेका हुन्छन् । समाजको एउटा वर्गले निर्वाचनमा कहिल्यै सहभागिता जनाउन सक्दैन भने नेपालको निर्वाचनप्रक्रियामा देखापरेको धनवाद, नातावाद, डनवाद अनि विधिविहीनतालाई हेर्दा यो निर्वाचन नेपालमा रहेका नवधनाढ्य, प्रतिक्रियावादी, अवसरवादी, भ्रष्टाचारी, नोकरशाही, विदेशी दलाल, सिद्धान्तबाट विचलित गद्दारहरूबीचको कृत्रिम प्रतिस्पर्धा हो भन्ने स्पष्ट छ जसले यो निर्वाचनलाई निर्वर्गीय बनाउने प्रयत्न गरिरहेका छन् । अरू त अरू आफूलाई साम्यवादका सारथी बताउने खड्ग ओली र प्रचण्ड मण्डलीसमेत यो निर्वाचनलाई अन्तिम साधनका रूपमा व्याख्या गरिरहेका छन् । अब एउटा महत्वपूर्ण प्रश्न खडा हुन्छ, के निर्वाचन निर्वर्गीय प्रश्न हो ? निर्वाचन निर्वर्गीय प्रश्न होइन भने निर्वाचनप्रक्रियाको पक्ष र विपक्षमा उभिएका शक्ति कुनकुन हुन्, उनीहरूको सामाजिक चरित्र, वर्गीय अडान र सैद्धान्तिक धरातल कुन हो ? के उनीहरूले नेपाली समाजको सामाजिक, आर्थिक, राजनीतिक वर्गीय धरातलको आवश्यकतालाई बुझेका छन् त ? यसको स्पष्ट जबाफ छ, अहिले चुनावमा होमिएका सबै राजनीतिक पार्टीको एउटै आधार हो, कमिसनखोर भ्रष्ट प्रशासनतन्त्र, गरिब किसानमारा कृषि नीति, दलाल पुँजीपति वर्गमा आधारित अर्थतन्त्र, मनोमानी, लुट, राष्ट्रघात र यथास्थितिवाद । यिनीहरूको बीचमा फरक खोज्नु भनेको बिषालु गोमन सर्प र करेत सर्पबीच फरक खोजेजस्तै हो । जनताले बुझ्नुपर्ने भनेको नै यही हो । प्रत्येक दलले पैसाको भरमा चुनाव जित्न खोजेका छन् । निर्वाचन आयोगले पटकपटक निकालेको आचारसंहिताको रोइलो नै यसको उदाहरण हो । पहिलाका निर्वाचनमा बुथ कब्जा गर्न डनहरू प्रयोग हुन्थे अब स्वयम् डनहरूलाई नै उम्मेदवार बनाएका छन् संसद्वादी दलहरूले । अब डनहरूले अरूका लागि नभई स्वयम् आफ्ना लागि बुथ कब्जा गर्नेछन् । नेताहरूको अयोग्यता पराराष्ट्र मामिलामा लाजमर्दो किसिमले लथालिङ्ग भएको देखिएको छ । परराष्ट्र मामिलाका विज्ञहरूले नै यो स्थितिलाई निरीह भएर टुलुटुलु हेरी बस्नु परेको छ । देशको उत्पादकत्व कतिसम्म घटेको छ भने लाखौँ युवा विदेशी श्रमबजारमा सस्तो श्रमिकका रूपमा नखट्ने हो भने देशमा भोकमरीको स्थिति आउँछ । यस्तो परनिर्भर अर्थतन्त्र नै यी मूल धारका भनिने राजनीतिक पार्टीहरूको आर्थिक अभीष्ट हो । यसबाट मुक्ति पाउन यिनीहरूसँग कुनै योजना र कार्यक्रम छैन ।

आजको दुनियाँमा कम्प्रणाली सबै मानिसको सरोकारको विषय हो । नेपालको करप्रणाली जनतालाई राहत दिने नभई धनीमानीलाई सुविधा दिने खालको छ । हिजो दरबारियाहरू आफूले मोजमस्ती गर्न जनतालाई विभिन्न कर लगाएर चुस्ने काम गर्थे । आजका भ्रष्ट शासकहरू पनि शोषणको त्यही परम्परालाई निरन्तरता दिइरहेका छन् । विकास निर्माण ठप्प छ । विकास भन्नेबित्तिकै केवल भौतिक विकासलाई बुझ्ने हाम्रो जस्तो पिछडिएको समाजमा विकासका सामाजिक, राजनीतिक, मानवअधिकार र न्यायका पक्षमा आजसम्म बहस सुरु हुनसकेको छैन । गाँस, बास, कपासजस्ता आधारभूत आवश्यकता पूर्तिका लागि सङ्घर्षरत नेपाली समाजमा विकासका आधुनिक अवधारणाले अझै प्रवेश पाउन सकिरहेका छैनन् । समाजमा एउटा वर्गको एकाधिकार छ । तपाईं त्यो वर्गलाई हिजोका पञ्चायती शासक वर्ग भन्नुहोस् वा रूप फेरेर आएको बहुदलकालीन नेतृत्व भन्नुहोस् । यिनीहरूले समाजको एउटै वर्गको हितमा काम गरिरहे त्यो हो, देशको दलाल पुँजीपति वर्ग र भ्रष्ट । हिजो राज्यसत्ता समाजको उत्पादक मेहनती किसान र मजदुर वर्गको पहुँचभन्दा बाहिर थियो र आज पनि बाहिर नै छ । किसान र मजदुर वर्ग हिजो पनि शोषणको दुरुह चक्रमा बाँच्न बाध्य थियो । आज पनि त्यही क्रम जारी छ । जनतालाई भुक्याउनका लागि विश्व साम्राज्यवाद र क्षेत्रीय विस्तारवादका देशीय दलालहरूले आयोजना गरेको यो कुरूप निर्वाचनरूपी नाटकको औचित्य के हो ? प्रस्ट छ, देशलाई थप पराधीन बनाउने । जनताको जीवनलाई थप कष्टकर बनाउने ।

पटकपटक असफल भइसकेको संसदीय परिपाटीलाई षड्यन्त्रपूर्वक पुनर्स्थापित गराउन कसरी सफल भए, जनताको आकाङ्क्षालाई कसरी उपेक्षा गरियो भन्ने विषयको ज्वलन्त उदाहरण यो संविधान नै हो । जनता देशमा राजनीतिक स्थिरता चाहन्छन् । राजनीतिक स्थिरताबिना देशमा विकास निर्माण सम्भव छैन । जनताले आफ्नो यो अभिमत स्पष्ट व्यक्त गरेका थिए । तर सांसदहरूको किनबेच गरेर सत्ता चलाउन र लम्ब्याउन पल्केका राजनीतिक दलहरूले देशको भाग्य र भविष्यसँग जोडिएको शासकीय प्रणालीलाई सत्ता गठबन्धनको विषय बनाए । फलतः सम्पूर्ण जनताको अपेक्षाविपरीत त्यही असफल संसदीय प्रणालीलाई जबर्जस्ती लाद्ने काम गरे । नयाँ संविधान भनिए पनि यो संसदीय परिपाटीको निरन्तरताको पुरानो संविधानको पुनरावृत्ति मात्र हो । खासमा यो संविधान नयाँ होइन किनभने यसले किसान र मजदुर वर्गको हितमा कुनै व्यवस्था गर्न सकेको छैन । काठमाडौँको सिंहदरबारभित्र केन्द्रित शासनको केन्द्रलाई गाउँगाउँसम्म पुऱ्याउने प्रयत्नस्वरूप स्वीकार गरिएको सिद्धान्त थियो सङ्घीयता तर दलहरूको अकर्मण्यताले सिंहदरबारमा थुप्रिने संसदीय फोहोर अब राज्यका केन्द्रमा विभाजन हुने भयो । हिजो केन्द्रीय संसद्का सदस्यहरू रातो पासपोर्ट बेच्ने, पुरुष सांसदले सुत्केरी भत्ता खाने, प्राडोपजेरो जोड्ने, विदेश सयर गर्ने, सरकार निर्माणमा किनबेच हुने गर्थे भने अब प्रान्तीय संसद्का सांसद पनि यो कार्यमा सरिक हुने भए । हिजो केन्द्रीय स्तरमा मात्र हुन्थ्यो । अब राज्य स्तरमा पनि हुने भयो ।

देश र जनताको समस्याप्रति राज्य कति गैरजिम्मेवार छ भन्ने भूकम्पपीडितको दुर्दशा हेरे पुग्छ । निर्माणको गति कति लाजमर्दो छ भन्ने हेर्न मेलम्ची आयोजनालाई हेरे पुग्छ । सरकार र प्रशासनमा कतिविघ्न विदेशी हस्तक्षेप छ भन्ने हेर्न राष्ट्रघाती सन्धिहरू हेरे पुग्छ । सरकार कतिसम्म निष्प्रभावी छ भन्ने थाहा पाउन अदालतका आदेशको कार्यान्वयनको मात्रा हेरे पुग्छ । नेपालमा यस्तो कुनै ठाउँ छैन जसलाई नेपालको राजनीतिले बेकम्मा नबनाएको होस् । निजी अस्पताल चलाएको एउटा माफियाले कति बलियोसँग देशको प्रशासन आफ्नो पकडमा राख्न सक्दो रहेछ, स्पष्ट भएको छ । हरेक ठाउँमा अन्याय, अत्याचार, अराजकता र मनोमानी व्याप्त छ । अवसरवादीहरूको सञ्जाल छ । एकाधिकार छ । योग्यतम मानिस राष्ट्रिय जीवनका हरेक पक्षमा पछाडि पारिएका छन् । यसले समाजमा अदृश्य तर तीव्र असन्तुष्टि पैदा गरेको छ । सत्ताका ठेकेदार दलहरूले समाजको यो असन्तुष्टि देख्दैनन्, देखे पनि नदेखेझैँ गर्छन् । देखे भने पनि त्यसलाई समाधान गर्नुको साटो दमन गर्छन् र निर्दोष मानिसलाई मारेर आफ्नो सत्ता टिकाउन भरमग्दुर प्रयास गर्छन् । यही हिजो भएको थियो । सांसदलाई किनेर सरकार बनाउनेहरूले जनताको गाउँका गाउँ आगो झोसेको, खेतमा हलो जोत्दै गरेको किसानलाई दिनदहाडै मारेको र मारिसकेपछि आतङ्ककारीको बिल्ला भिराएको इतिहास ताजै छ । आज पनि त्यही व्यवस्था अभ्यासमा छ । जसरी पञ्चायतकालमा पञ्चायती लूटको शासनलाई अन्माय गर्नेहरू अराष्ट्रिय तत्व मानिन्थे, बहुदलकालमा बहुदलीय मनपरीतन्त्रको विरोध गर्नेहरू आतङ्ककारी बनाइन्थे, आज पनि देशमा लुटतन्त्र कायम राख्न चाहनेहरूले सैद्धान्तिक रूपमा निर्वाचनको विरोध गर्नेहरूलाई जरैदेखि फाल्ने, निमिट्यान पार्ने दिवास्वप्न देख्दैछन् । यो निर्वाचन अन्त्य होइन । साध्य होइन । साधन मात्र हो । त्यो पनि धनवाद र डनवादको सिकार भएको साधन मात्र हो । वर्गीय समाजमा सबै कुरा वर्गीय हुन्छ भने निर्वाचन पनि त्यसमा अछुतो रहन सक्दैन । निर्वाचनको विरोध आज नेपालमा चलेको लूटतन्त्र, धनवाद र डनवाद अनि वैदेशिक हस्तक्षेप र पराधीनताको विरोध हो । तसर्थ निर्वाचनका लागि निर्वाचन होइन, जनताका समस्या समाधान गर्न, राष्ट्रिय स्वाधीनताको रक्षा गर्न, जनजीविका सहज बनाउन अनि मुलुकमा उत्पन्न भएको अन्याय बन्द गरी विधिको शासन कायम गर्न सक्षम निर्वाचन आवश्यक छ । के त्यो सम्भव छ त ? संसदीय मूलधारके इमानदार कार्यकर्ता यो विधिबाट त्यो सम्भव देख्दैनन् । यसको अर्थ नेपालमा द्वन्द्व समाप्त भएको छैन । दलहरू सच्चिएका छैनन् । साँचो अर्थमा लोकतन्त्र आएको छैन भन्ने नै हो ।

# हजुर ! म नक्सलबाडीकी आमा दोप्ती

म नक्सलबाडीकी आमा दोप्ती । महाश्वेता दिकी द्रौपदी । फासिदेवा थानामा प्रहरीसामु नाङ्गिन बाध्य द्रौपदी । पार्टीले राखिदिएको नाम हो दोप्ती । हजुर ! दोप्ती कमरेड । यही हो मेरो नाम । यो ठाउँलाई नक्सलबाडी भन्छन् । सबैले देख्ने गरी त्यहाँ पहेँलो साइनबोर्ड छ, 'नक्सल बाडी' । हामीहरू बाडी भन्छौँ । बारी होला, हुनुपर्छ । तर, यता सबै बाडी चल्छ–नक्सलबाडी, खरिबाडी । परपरसम्म फैलिएको छ जमिन । पश्चिमतिर अलिकति उता लागेपछि नेपाल आउँछ । पानीट्याङ्की उता नेपाल हो, मेची नदीले हामीलाई मिलाएको छ । यो क्षेत्र दार्जीलिङ जिल्लामा पर्छ । माथिलाई पहाड भन्छौँ, हामी तल सम्ममा बस्नेहरू । नक्सलबाडी पहाड पनि हो र तराई पनि ।

२७४ वर्ग मिलमा फैलिएको यो गाउँलाई अब चिनाइरहनु पर्दैन । नक्सलबाडी अब गाउँको मात्र नाम रहेन, यो त दर्शन भयो, विचार भयो राजनीति भयो, आन्दोलन भयो । यो त विश्वप्रख्यात भयो । त्यसै भएको छैन यो विश्वप्रख्यात । हजारौँको रगत बगेर यो परिचित भएको छ । शिरदेखि पुछारसम्म रगत बगेको छ हजुर ! कति माटोमै रगताम्मे भए । कति जेलमा, कति गायब भए । कथैकथा छन् योसित । सम्भिन्छु, ५० वर्षअघिका दिनहरू, त्यो घटना । सपना पो हो कि जस्तो लाग्छ । ओहो ! मान्छे कसरी उठ्दो रहेछ समुद्रको लहरझैँ ! मान्छे कसरी होमिँदो रहेछ सबै कुरा त्यागेर !

हामी आदिवासी । जङ्गल फाँड्ने, खेती योग्य जमिन बनाउने, दुख गरेर खाने । बुडढापाकाहरू भन्छन् यो सबै हाम्रा पुर्खाले गरेको भनेर, अट्टर जङ्गल थियो रे यो । मैले थाहा पाउँदा दुईचार घर भिन्नै थिए, अरू सबै झुप्राझुप्री, अहिलेका जस्ता घर कहाँ थिए र । सबै अरूका घरमा बँधुवा मजदुर । सबै खेतीहर मजदुर । संथाल, उराव, राजवंशी, मुन्डा अधिकांश भूमिहीन किसानको बसोबास भएको ठाउँ हो यो । दुईचार जोतेदारहरू (जमिनदारहरू) को कब्जामा थियो यहाँको जमिन । भन्छन् भारतमा सबैभन्दा बढी जमिनदार बङ्गालमा छन् । वर्षभरि काम गर्दा खान पुग्दैनथ्यो । औषधीउपचारको त कुरै थिएन । जिन्दगीभरि जोतेदारको गुलाम । बङ्गालको अनिकाल सबैभन्दा डरलाग्दो अनिकाल । अनिकाल, भोकमरी, बेरोजगारी, शोषणको अर्को नाम थियोरहो बङ्गाल । थियो होइन, अहिले पनि छ । आदिवासीहरू भारतमा सबैभन्दा बढी उपेक्षित र उत्पीडित थिए र अहिले पनि छन् । हामी त्यही इतिहास बोकेर लडिरहेका छौँ अहिले पनि ।

कम्युनिस्ट पार्टीले जनताको भलो गर्छ भन्थे । पार्टी त थियो, तर जनताको पार्टीजस्तो थिएन । नेताहरू क्रान्तिको कुरा गर्थे, तर सङ्घर्षको कुरा गर्न डराउँथे । चुनावबाटै सत्तामा पुगिन्छ, "खुनखराव वाद" भन्थे । पार्टीका नेताहरूको यस्तो कुरामा चित्त नबुझाउने थुप्रै थिए । नक्सलबाडी र वरिपरिका कामरेडहरू अब यसरी हुँदैन, अर्को बाटो समात्नुपर्छ भन्थे । सङ्घर्षका कुरा कलकत्ताका कमरेडहरूलाई मन पर्दैनथ्यो । कमरेडहरू समय आएपछि क्रान्ति आफैं हुन्छ भन्थे– उग्रवाद ठीक छैन भन्थे ।

जमिनदारको शोषणबाट वाक्क भएकाहरू उपाय खोजिरहेका थियौँ । एक दिन कामरेडहरूले हामी सबैलाई जम्मा पार्नुभयो । सबै कुरा सुनाउनुभयो, कति बुझ्यौँ, कति बुझेनौँ । चीनमा माओको नेतृत्वमा मजदुर(किसानको अगुवाइमा जनसेनाको निर्माण गरेर क्रान्ति भयो भनेर सुनाउनुभयो कमरेडहरूले । सांस्कृतिक क्रान्तिको झण्डा लिएर लाखौँ किसान उठेको कुरा सुनाउनुभयो कमरेडहरूले । निम्नमध्यम वर्गीय परिवारको छोरा हुनुहुन्थ्यो चारु बाबु । उहाँ गरिबको पक्षमा उभिनुभयो । चारु बाबु र कानु दाहरूले चीनको मात्र कुरा सुनाउनु भएन, भियतनामको कुरा सुनाउनुभयो, तेभागा आन्दोलनको कुरा सुनाउनुभयो, तेलङ्गाना किसान आन्दोलनको कथा सुनाउनुभयो र अन्त्यमा भन्नुभयो : "अब हामीहरू पनि उठ्नुपर्छ, उत्पीडितहरू जमिनदारविरुद्ध लड्नुपर्छ, जनविरोधी सत्ताका विरुद्ध लड्नुपर्छ । जनताको आफ्नै सत्ता ल्याउन लड्नुपर्छ । अब नक्सलबाडीबाट क्रान्तिको मशाल बाल्नुपर्छ ।" हाटबजार नै हाम्रो राजनीतिक प्रचारको सभास्थल हुन्थ्यो ।

सरकारले जमिनको सीमा तोके पनि चिया बगानका नाममा जमिनको ठूलो हिस्सा जमिनदारकै हातमा थियो । गाउँगाउँमा किसान मोर्चाहरू गठन भए । चारु बाबु, कानु दा (कानु सन्याल) जङ्गल सन्थाल, केशव सरकार हाम्रा अगुवा नेता हुनुहुन्थ्यो । उहाँहरूले सबै गाउँले, त्यसमा पनि युवाहरूलाई जम्मा पार्नुभयो । गाउँगाउँमा किसान मोर्चाहरू गठन भए । बाबुलाल विश्वकर्मा हाम्रो किसान नेता हुनुहुन्थ्यो । उहाँ किसानको पुरानो नेता । पछि १९६८ मा प्रहरीसितको मुठभेडमा उहाँ सहिद हुनुभयो । सन् १९६७ मार्चको महिना, ३ तारिख जस्तो लाग्छ । किसान मोर्चाले अभियान सुरुगऱ्यो । जमिनदारहरूको खेतमा "झण्डा गाड्" अभियान सुरु भयो । खेतिहर मजदुर, भूमिहीन किसानले जग्गा कब्जा गरे । "भकारी फोर" अभियान सुरु भयो । जोतेदारहरूको भकारी फोरेर भूमिहीन किसानलाई अनाज बाँड्न थालियो । जग्गाको कागज जोतेदारहरूबाट कब्जा गरेर जलाइयो । १५देखि २० हजार किसान किसान सभामा सामेल भए । सबै निर्णय किसान सभाले गर्थ्यो ।

किसान सभा र र्यालीहरू हुन्थे । म त्यतिबेर केटाकेटी नै थिएँ । र पनि बडो उत्साहका साथ सहभागी हुन्थेँ यस्ता कार्यक्रमहरूमा । साँच्चै भनौँ भने गरिबीको पीडा त भोगेँ, तर राजनीति त्यही किसान सभा र र्यालीमा जाँदा सिकेँकी हुँ ।

नक्सलबाडीमा सुरु भएको किसान आन्दोलन अरू गाउँहरू खरिवाडी, फासिदेवा, झारगाउँ, प्रसाद जोते, हाम्रो जिल्लामा मात्र नभएर अन्य जिल्लामा समेत फैलियो । "भकारी फोर" अभियानले व्यापकता लिएपछि जमिनदारहरू आत्तिए, सरकार आत्तियो । किसानहरूलाई धरपकड गर्न थालेपछि मुठभेडको स्थिति आयो । खासगरेर सन् १९६७ का मार्चदेखि मेसम्मका दिनहरू तीव्र सङ्घर्षका दिनहरू थिए । हाम्रा हतियार भनेका घरेलु हतियार थिए । हामी १०० जनाभन्दा बढीलाई तीर र धनुषकाँढको तालिम दिइएको थियो । आदिवासीहरू कम बोल्छन्, तर निर्णयमा पक्का हुन्छन्, इमानदार हुन्छन् । गाउँमा नागेन राय चौधरीको चरम शोषण थियो । किसान सभाले गठन गरेको जनअदालतको निर्णयअनुसार उसमाथि जनकारबाही भयो( सफाया ।

नेपालको सिमाना जोडिएको गाउँ झारगाउँमा आन्दोलनले चरम रूप लियो । प्रहरी दमन पनि तीव्र हुनथाल्यो । किसानहरूलाई पक्रेर लगेर यातना दिन थालियो । कानु दा र बाबुलालको खोजीमा थियो पुलिस । २४ मेका दिन गाउँमा एक गाडी पुलिस आए । हामीले वरपरका गाउँका सभा सदस्यलाई पनि बोलायौँ । प्रहरीको गाडी र हाकिमलाई हामीले घेराबन्दीमा पार्यौं । उल्टै उसले ठूल्ठूला कुरा गर्न थाल्यो र जथाभावी बोल्दै महिलामाथि दुर्व्यवहार गर्न खोज्यो । गोलीले सबैलाई सिध्याइदिने धम्की दिँदै बन्दुक सोझ्यायो । गोलीको धम्कीसँगै आक्रोसित हामीले धनुषकाँढ छोड्यौँ । म मुन्डाकी छोरी । धनुषकाँढ कसरी चलाउनुपर्छ, त्यो मलाई थाहा थियो, त्यसमा पनि हाम्रो तालिम प्राप्त जत्था थियो । मैले छोडेको तीर सोझै प्रहरी इन्सपेक्टर वाङ्दीको छातीको दाहिने कोखमा लाग्यो । चारैतिरबाट तीर छुट्न थाले । वाङ्दी ढलेपछि सबै पुलिस भागे बन्दुक छाडेर । कोही घाइते भएर लडे । त्यतिबेर म बिस वर्षकी थिएँ । धनुषकाँढले लडिरहेको बेला मेरो पिठ्युँमा ६ महिनाकी सानी छोरी थिई । मेरो मात्र होइन, बच्चा हुने हामी धेरजसोले पिठ्युँमा बच्चा बोकेर लडेका थियौँ ।

यो घटनाले कलकत्तालाई पनि हल्लाइदियो । त्यसपछि सिलिगुडीबाट थप प्रहरी आए । ओहो ! बयान गरी साध्ये छैन, के के गरे भनेर । तिनले हाम्रा घरमा आगो लगाए, लत्ताकपडा, अन्नपात सबै खरानी बनाए, भेटे जति सबैलाई पक्रिएर निर्मम यातना दिए । केटाकेटी आइमाई केही भनेनन्, कुटे, दुर्व्यवहार गरे । त्यसपछि हामी पनि भएभरका गाउँलेहरू, किसानसभाका सदस्यहरू जम्मा पारेर नक्सलबाडीतर्फ लाग्यौँ । हामी धेरजसो महिला थियौँ र हातमा धनुषकाँढ बोकेका थियौँ । हामी नक्सलबाडी बजार नजिकै प्रसादजोते गाउँमा पुगेका थियौँ । एउटा प्रहरी जिप हाम्रो सामु आएर रोकियो, हामी धेरै देखेर हो अथवा केले हो, फर्किन खोज्यो । हामीले त्यसलाई घेर्यौं । हाम्रो सङ्ख्या र हातमा धनुषकाँढ देखेर उनीहरू एकदमै आत्तिएका थिए । कामरेडहरूले एकदुई जनाका बन्दुक पनि खोसे । आत्तिएर उनीहरूको अफिसर पनि गिडगिडाउन थाल्यो, हामी तपाईँहरूलाई पकड्न आएको होइनौँ भन्यो । हामी तपाईँहरूलाई केही गर्दैनौँ भन्यौँ । हामीलाई जान दिनुस् भन्यो । हामीले पनि भैगो त भन्यौँ । तर घेराबाट बाहिर गएपछि त्यो अफिसरले ठोक गोली भन्यौँ र आफूले पनि पिस्तोल निकालेर ठोक्न थाल्यो । ८ जना महिला, ! जना पुरुष र २ जना बच्चाको हत्या गरे उनीहरूले । राती किसान मोर्चाको बैठक बस्यो । किसान कमिटीका कमरेडहरूले भने– "अब सशक्त प्रतिरोधमा जानुको विकल्प छैन ।" भूमिगत भएर लड्ने अठोट भयो । साँच्चै अब लडाइँ सुरु भयो । आफ्नै पार्टीका गृहमन्त्री भएको बेला यस्तो भयो ।

काङ्ग्रेस र भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) को संयुक्त सरकार थियो । ज्योति बसु गृहमन्त्री थिए । त्यतिबेरसम्म आन्दोलन विस्तारै गाउँबाट सहर पसिसकेको थियो । नक्सलबाडीको किसान आन्दोलनलाई सहयोग गर्न कलकत्तामा ' नक्सलबाडी कृषक सङ्ग्राम सहयोग समिति' गठन गरेर कामरेडहरू सभा र जुलुस गर्नथालेका थिए– "नक्सलबाडी १ जिन्दावाद ।" स्कुलकलेजमा नाराजुलुस हुनथालेका थिए । कलकत्तामा बेचैनी सुरु भइसकेको थियो । कलकत्तामा भित्ताहरू "सत्ता बन्दुकको नालबाट जन्मन्छ", "सत्तरीको दशकलाई मुक्तिको दशक बनाऔँ" जस्ता नाराले रङ्गिएका थिए ।



आन्दोलन बङ्गालमा मात्र नभएर बिहार, उत्तरप्रदेश, आन्ध्र सबैतिर फैलिएको थियो । बङ्गालको नक्सलबाडी, बिहारको मुसहरी, भोजपुर, उत्तरप्रदेशको लखिमपुर खिरी अनि आन्ध्रको श्रीकाकुलम अर्कै गाउँ बनेका थिए । नेपालको झापामा समेत "नक्सलबाडी जिन्दावाद !" को नारा गुन्जिन्थ्यो । चीनको रेडियोले समेत "भारतमा वसन्ते गर्जन" भनेर भनेपछि यसको तरङ्ग दिल्लीसम्म पुगेको थियो, बेचैन थियो दिल्ली । आन्दोलनका बारेमा देशविदेशका समाचार सुन्दा हामी थप उत्साहित हुन्थ्यौँ ।

११ जनाको हत्याविरुद्ध कलकत्तामा विद्यार्थी, मजदुर र बुद्धिजीवीहरू सडकमा निस्किए । जनसभा भयो । आन्दोलनलाई गति दिन कतिपय नेता भूमिगत भए । कतिपय नेताहरू पक्राउ परे । हामीले हाम्रो आधारइलाका छोडेनौँ । यसको रक्षा हाम्रो काँधमा आयो । हामी रातभरि सेन्ट्री बस्थ्यौँ पालैपालो । गाउँमा पेट्रोलिङ गर्थ्यौं । गाउँमा प्रहरी आउँदैछ भन्ने हामीलाई पहिले नै थाहा हुन्थ्यो । छापामार शैलीमा घेराउ गरेर आक्रमण गर्थ्यौं तीरले । राइफल खोस्थ्यौं । "लोग्नेमान्छे भन्दा नक्सलबाडीका महिला खतरनाक छन्" भन्थे पुलिसहरू । ओहो, कताबाट आएको हो त्यत्रो साहस ! भिड्न डर लाग्दैनथ्यो । मर्न डर लाग्दैनथ्यो । पुलिसले हामीलाई समातेर लगेपछि हाम्रो नाम सोध्यो । मेरो नाम द्रौपदी, उसको नाम द्रौपदी, हामी सबै द्रौपदी– ओहो ! कति धेरै द्रोपदी ! हाम्रो एउटै उत्तर सुनेर हैरान हुन्थे पुलिस पनि । "द्रौपदी" व्यङ्ग्य पनि हो र विद्रोह पनि । महाश्वेता दीले द्रौपदीलाई अमर बनाउनुभयो ।

अहिले स्थिति फेरिएको छ । आन्दोलनमा लागेका कतिपयले ज्योति बसुको बाटो रोजे । उनीहरूले सङ्घर्षको बाटो त्यागे, उनीहरू अर्कै जात र वर्गका मान्छे भए । उनीहरू अब गाउँमा पनि बस्तैनन्, सहर रमाइलो लाग्छ रे उनीहरूलाई । माओको मृत्यपछि चीनका नेताहरूले सांस्कृतिक क्रान्तिको विरोध गरेझैँ नक्सलबाडी किसान विद्रोहको विरोध गर्छन् उनीहरू । म त उस्तै छु । मेरा लुगा उस्तै छन्, सुतीका लुगा, घरेलु लुगा । हेर्नुस् त यो खद्दरको लुगा नै मलाई मन पर्छ । घर यही हो छाप्रो । यसले अनुहार फेरेकै छैन । बाँसले बारेको छ–काठका सामान्य फर्निचर र प्लाटिकका कुर्सीहरू । यही हो मेरो घरको साजसज्जा । चाहेको भए हाम्रा पनि सहरमा महल ठडिन्थे । चाहेनौँ हामीले त्यो जिन्दगी । यो नक्सलबाडी हो । हामीले लडेको मोर्चा । तीरधनुष पनि भित्तामा झुन्ड्याएकी छु । चारु बाबु, कानु दा सबैको फोटो राखेकी छु । माया लाग्छ । हाम्रा किसान मोर्चाका कमरेडहरूले रगत बगाएको माटो । विश्वका क्रान्तिकारीहरूले श्रद्धाले नाम लिने गरेको माटो । मलाई त यही माटो मन पर्छ, सहर पराईपराई लाग्छ ।

साँच्चै हो, म त अझै यहीँ हातिघिसा छु । लडाइँ लडेको घर हो यो । नक्सलबाडी, पानीट्याङ्की हातिघिसा, झारगाउँ, हरिया रूखहरू र रमाइलो ठाउँ । पहाडको फेदीमा अवस्थित यी गाउँहरू सर्वस्व हुन् हाम्रा लागि । कतिपय आफूलाई अब यो गाउँसित जोड्न मन गर्दैनन्, तर मलाई त आफूलाई योसित जोड्दा गर्व हुन्छ । जीवनदेखि निराश भएरै त होला, सन् २०१० मा कानु दाले आत्महत्या गर्नुभयो । जङ्गल सन्थालको पनि मृत्यु भयो । म अहिले एक्लै छु घरमा । मेरो साथी कमरेड अनि मेरो छोराको पनि मृत्यु भयो । छोरीले सिलिगुडीमा बस्न बोलाउँछे । मन लाग्दैन त्यहाँ । यहीँ नक्सलबाडी रमाइलो लाग्छ ।

कानु दाको कुरा सोध्नुभएको ? उहाँले चारुदाको पार्टी छाडेर नयाँ पार्टी बनाउनुभयो । पछिल्ला दिनमा निकै निरास देखिनुहुन्थ्यो । सहरमा बस्नु भएन । सरकारको कुनै सुविधा लिनु भएन । यी यही हो, मेरो छाप्रोसित जोडिएको उहाँको छाप्रो । मार्च २३, २०१० का दिन सदाझैँ उहाँलाई तातो पानी दिन उहाँको छाप्रोको ढोका खोलेँ । उहाँ ओछ्यानमा हुनुहुन्थेन । कता जानुभयो ? यताउति हेरेँ, दुईतिर किला ठोकेर एउटा डोरी झुन्ड्याइएको थियो । कानु दा त्यही डोरीमा आफ्ना फाटेका लुगा र धोती झुन्ड्याउनु हुन्थ्यो । लुगा भुइँमा थिए र डोरी थिएन । उतातिर हेरेँ । दादा पत्त ाको अङ्कुसेमा झुन्डिनुभएको थियो । शरीर मात्र थियो, सास थिएन । पत्रिकामा कतिले खुसीले लेखे, कतिले पीडाले लेखे : नक्सलवादी नेता कानु सन्यालद्वारा आत्महत्या"

ऊ त्यो भित्तामा टाँगिएको फोटो हेर्नुस्, त्यहाँ चारु बाबु, कानु दा र जङ्गल कमरेड हुनुहुन्छ । यताको फोटोमा धनुषकाँढ लिएका हामी हौँ । कस्ती थिएँ म त्यतिबेला । चारु बाबु जसरी हाम्रा पक्षमा उभिनुभयो, यसले हामीलाई शक्ति दियो । श्रद्धाले हामी उहाँलाई "चारु बाबू" भन्थ्यौँ । उहाँ माउरीको रानोझैँ हुनुहुन्थ्यो । राजनीति मात्र होइन, साहित्य र सङ्गीतप्रति पनि उहाँको असाध्यै रुचि थियो । पहिले एउटै पार्टी थियो– भारतीय कम्युनिस्ट पार्टी (सिपिआइ) । पार्टी काङ्ग्रेस सरकारको वरिपरि मात्रै घुम्न थालेपछि र क्रुस्चेवको लाइन सही हो भनेर वर्गसङ्घर्षको विरोध गर्न थालेपछि सन् १९६४ मा भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) गठन भयो । त्यसले पनि चुनावी राजनीति र वर्गसमन्वयको बाटोमा बढी जोड दिन थालेपछि चारु कमरेडहरूले आन्तरिक रूपमा 'सिलिगुडी' समूह बनाउनुभयो । यो संशोधनवाद विरुद्ध विद्रोहका लागि तयारी थियो । उहाँले थुप्रै विचारोत्तेजक लेखहरू पनि लेख्नुभयो । त्यतिबेला उहाँ दार्जिलिङ जिल्लाको पार्टी सेक्रेटरी हुनुहुन्थ्यो । १९६५ देखि १९६६ सम्म लेखिएका यी रचनाहरू "चारु मजुमदारका आठ ऐतिहासिक दस्तावेज' का नामले चर्चित छन् । सन् १९६७ को नोभेम्बरमा 'चारु बाबुको संयोजकत्वमा 'अल इन्डिया कोअर्डिनेसन कमिटी अफ कम्युनिस्ट रिभोलुस्नरिज' (एआइसिसिसिआर) गठन भयो र पछि राष्ट्रिय भेलाले सन् १९६९ मा ' चारु बाबुको नेतृत्वमा भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी(लेनिनवादी) गठन भयो ।

चारु बाबुको घर सिलिगुडीमा भए पनि उहाँ धेरजसो नक्सलबाडीमै बस्नुहुन्थ्यो । वहाँलाई भेट्न आन्ध्र प्रदेश, तमिल नाडु अनि केरलाबाट समेत नेताहरू आउँथे । टिनको छानो भएको सानो घर थियो । चारु बाबु बढी त्यही सानो घरमा बस्नुहुन्थो । संशोधनवादीहरूसित सम्बन्ध विच्छेद गर्दा तयार पारेको "आठ दस्ताबेज" ऊ त्यही छाप्रोमा लेखिएको थियो । पछि पार्टीले अङ्ग्रेजीमा 'लिबरेसन' र बङ्गालीमा 'देशव्रती' प्रकाशन गर्नथाल्यो । बुझे पनि नबुझे पनि यी पत्रिकाहरू हामी सबैका प्यारा थिए ।

मेरो घरका मान्छे पनि मोर्चामै थिए । हामी आदिवासीहरू असाध्यै अन्धविश्वासी । आइमाईले पढ्नु हुन्न, राजनीति गर्नु हुन्न भन्थे । देउता रिसाउँछ भन्थे । समाजमा राज्यका विरुद्ध लाग्ने कुरा त परको कुरा थियो । तर मैले उहाँलाई साथ दिएँ । पार्टीको मिटिङ सिलिगुडीमा हुँदा यताबाट २० किलोमिटर पैदल हिँडेर त्यहाँ पुग्थ्यौँ हामी–फासिदेवा थानाबाट जोगिँदै । त्यतिबेला फासिदेवा थाना सबैभन्दा बदनाम र हत्यारा थानाको नामले चिनिन्थ्यो । महाश्वेता दिले 'द्रौपदी' मा लेखेझैं ।

चारु बाबु हुनुहुन्न । तर यहाँका किसानहरूको मुटुमा, यहाँको माटोमा उहाँ हुनुहुन्छ । यो माटोमा उहाँका पदचापहरू छन् । आदिवासी र निमुखाका लागि उहाँ बाँचिरहनुभएको छ । चारु मजुमदार, कानु सन्याल, जङ्गल सन्थाल अनि कन्हाइ चटर्जी, नारायण सन्यालहरू नै हुन् हाम्रा नेताहरू । अब चारै जना छैनन् । कन्हाइ चटर्जीको १९८२ मा मृत्यु भयो भने नक्सलबाडी आन्दोलनसित जोडिनु भएको पाको नेता नारायण सन्यालको पनि केही महिनाअघि मात्रै कलकत्तामा मृत्यु भयो । सम्पादक, कवि, कथाकार तथा क्रान्तिकारी बुद्धिजीवी सरोज दत्तले सहरको आन्दोलन समाल्नुभएको थियो । उहाँ पार्टीको पोलिटब्युरो सदस्य हुनुहुन्थ्यो । उहाँको पनि सन् १९७१मा हत्या भयो । त्यतिबेला उहाँको जिम्मामा प्रकाशन क्षेत्र थियो । त्यतिबेर नक्सलवादीको अभियोग लगाएर मुलुकभर ४५ हजारलाई बन्दी बनाइएको थियो ।

मान्छेहरू भन्छन्, नक्सलबाडी आन्दोलन सकियो, अहँ सकिएको छैन, यो त झन् रापिलो र तापिलो भएर अघि बढिरहेको छ-एकदमै भर्भराउँदो भएर । जमिनदार र ठालुहरूको नाम र जीवन फेरिएको छ । हिजोका जमिनदारहरू सहर पसे । अब नयाँ जमिनदारहरू विकसित भएका छन् गाउँमा । हिजोका जमिनदारहरूभन्दा कम खतरनाक छैनन् अहिलेका नयाँ जमिनदारहरू–कर्पोरेट जमिनदारहरू । पुराना जमिनदारहरू जमिनका मालिक थिए, अहिलेका जमिनदारहरू महलका मालिक छन्, चिया बगानका मालिक छन् । रियल स्टेट चलाउँछन् । आइएनजिओ चलाउँछन् । ठूलाठूला ब्याङ्कहरू चलाउँछन् । अर्को थरी मालिकहरू हँसियाहथौडा लिएर गाउँमा पस्छन् र भन्छन् सबै कुरा चुनावले पूरा गर्छ । कस्तो खतरनाक राजनीति ! कति सारो उपहास हँसियाहथौडाको !

पछाडि फर्केर हेर्दा मन कताकता हराउँछ । त्यति बेलाको लडाइँ सम्झिदा मन अर्केअर्कै हुन्छ । तर, मलाई पीडा छैन र पश्चाताप पनि छैन । शोषणबाट मुक्त हुन उठ्नुपर्छ, लड्नुपर्छ भन्ने चेतना नक्सलबाडीले हामीलाई दियो, दुस्मन र मित्र बुझायो, आफन्त र पराई चिनायो । लड्न सिकायो, यही नै सम्पूर्ण हो । हामी निर्धानिमुखाहरू, आदिवासी अनपढहरू पनि बन्दुक चलाउन सक्छौँ भन्ने साहस हामीलाई दियो, बन्दुकको भरमा चलेको सत्ता ढाल्न बन्दुक नै समात्नुपर्छ भन्ने सबैभन्दा उच्च शिक्षा यसले हामीलाई दियो । यो चेतना, यो ऊर्जा नै हाम्रो सम्पति हो, यो कहिल्यै समाप्त नहुने सम्पति हो ।

साँच्चै हो, त्यो नाम, ऊ त्यो रेल्वे स्टेसन नजिकै पहेँलो पृष्ठभूमिमा लेखिएको नाम 'नक्सल वाडी', कहिल्यै पुरानो नहुने नाम हो । यसको झण्डा लिएर मान्छे युरोप, अमेरिका र अफ्रिकाका सडकमा निस्केका छन् । यसको नाममा राता अक्षरले भित्ता रङ्गिएका छन्, तुल र ब्यानरहरू टाँगिएका छन् । गर्वले फुल्छ छाती । मन अर्कै हुन्छ । कहाँ सकिएको छ र लडाइँ । नक्सलवाडी जिन्दाबाद ! भनेर उत्पीडित जनता लडिरहेका छन् । दुस्मनका किल्ला विरुद्ध धावा बोलिरहेका छन् । यसको झण्डामुनि मान्छे मृत्यु रोज्न लामबद्ध हुन्छन् । गर्वले फुल्छ छाती । हत्या गरेर कहाँ मदी रहेछ र विचार ! कहाँ मर्दा रहेछन् र नक्सलबाडीहरू ! मालेमा जिन्दावाद ! जनयुद्ध जिन्दावाद ! नयाँ जनवादी क्रान्ति जिन्दावाद ! यो भन्दा प्यारो गीत अरू के हुन सक्छ ? यो भन्दा प्यारा शब्दहरू अरू के हुनसक्छन् ? यो भन्दा अजम्बरी विचार अरू के हुनसक्छ ?

बाहिर भएको दमनबाट कमरेडहरूलाई कसरी जोगाउने भन्ने हाम्रो चिन्ता

... बाँकी पृष्ठ ७ मा

● स्मृति

# कमरेड खुसीराम पाखिन र अधुरा सपना



अशोक सुवेदी

'दाइ, अभिवादन ! के छ हालखबर ?', मैले प्रश्न गरेँ।

'खै के छ भनौँ, आन्दोलन दिनहुँ खस्कँदो छ। क्रान्ति उठ्ला भनेको उठ्न सकेन। हेर्दाहेर्दै आस्था र निष्ठाहरू ढल्दै गए। एकतमासको जिन्दगी बाँच्दैछु गाउँतिरै आएर !', उनले भने।

'तपाईंको जीवनवृत्त झल्किने एउटा छोटकरी बायोडाटा (सङ्क्षिप्त चिनारी) चाहिएको थियो दाइ। पठाउन सकिन्छ लेखेर वा इमेल गरेर ?', मैले थपेँ।

'केका लागि होला कुन्नि ? नसक्ने त कुरा छैन तर कुरौटे र खुट्टा तान्नेहरूको आक्रमणको सिकार भइन्छ कि भन्ने पिरलो नै', उनले अलिकति इतिहासको स्मरण गराउन चाहे।

'के भयो र दाइ त्यस्तो ? आधिकारिक कामकै लागि मैले तपाईंको बायोडाटा मागेको हुँ। तपाईंलाई लेखेर पठाउन गाह्रो हुन्छ भने फोनमै टिपौँ न त मोटामोटी कुरा ?', मैले भनेँ।

'खै... हुन्छ नि !', उनी अलमलमा देखिए।

'केही दिनमै म देशबाहिर जाने भएकाले यहीँ छँदा सानो जीवनी तयार पारौँ भनेर हो दाइ !', मैले भनेँ।

पार्टीले अग्रज जनसंस्कृतिकर्मीहरूको जीवनी लेख्न मलाई जिम्मा दिएको थियो। पार्टीले अभिनन्दन गर्ने भनेर निर्णय गरेका पाँच संस्कृतिकर्मीमा खुसीराम पाखिन, रायन श्रेष्ठ, पूर्ण विराम, जीवन शर्मा र जेबी टुहुरेको नाम थियो। पार्टी पीबीएम कमरेड अनिल शर्मा 'विरही' ले मलाई पाँचैजनाको सङ्क्षिप्त जीवनी तयार पार्न भन्नुभएको थियो र मैले पहिलो फोन खुसीराम दाइलाई लगाएको थिएँ। गृहजिल्लामा रहनुभएका खुसीराम पाखिन अर्थात् सबैले प्यारो गरेर बोलाउने नाउँ 'पाखिन दाइ' ले लेखेर दिने वा फोनमा टिपाउने कुरा एकदुई दिनपछि निर्णय गर्ने बताउनुभएको थियो।

टेलिफोन संवादका क्रममा उहाँले अखिल नेपाल जनसांस्कृतिक महासङ्घको सम्मेलनमा सम्बोधन गर्दा आफ्नो पार्टीले हेरेन भनेर बोलेपछि पार्टीको सांस्कृतिक मोर्चाका केही व्यक्तिले झपारेको गुनासो गर्नुभएको थियो। त्यस्तै 'ज्ञवाली ग्याङ' ले इच्छुक सांस्कृतिक प्रतिष्ठानबाट रुवाउँदै निकालेको भन्दै उहाँले फोनबाटै पनि गुनासो गर्नुभएको थियो।

'तपाईंलाई पार्टीले अभिनन्दन गर्न लागेको छ दाइ ! देश र जनताको मुक्तिका लागि तपाईंले दिएको योगदान सानो छैन। तपाईंले जनयुद्धमा छोरासमेत गुमाउनुभएको छ। तपाईं जहाँ भए पनि नेकपाले तपाईंको निष्ठा र आदर्शको कदर गर्दैछ', उहाँको जिज्ञासा मेटाउन अन्तिममा यति भनेर मैले फोन राखेको थिएँ। त्यसपछि लगत्तै म जनगणतन्त्र कोरिया र चीनको यात्रातिर लागेँ। म आउँदा पार्टीले उहाँलगायत पाँचजना अग्रज संस्कृतिकर्मीलाई अभिनन्दन गरिसकेको थियो। उहाँको जीवनी तयार पार्ने काम त्यसै थाती रह्यो।

...

कालो बनको बीचैमा खेतालाको गाउँ
सानासाना झुपडी छैनन् आमा-बाउ
सानासाना नानीहरू खेलिरहने ठाउँ
हाम्रो देशको व्यवस्था हेर्न त्यहाँ जाऔँ।

...

गैंती बेल्चा उचालेर
पहरालाई छिचोलेर
डाँडाकाँडा सम्मै बनायो
के पायो नि कुल्ली दाइले
के खायो नि कुल्ली भाइले
अर्कैले ट्याक्सी गुडायो...।

...

आजभोलि बेल्टारीमा
बेलुका सधैँ गुमानेले सनै बजाउँछ
यतिसारो उराठलाग्दो
विरहको भाकाले मनै रुवाउँछ...।

...

नेपालको जनवादी सांस्कृतिक आन्दोलनमा गर्वसाथ लिइने नाम राराखुजेजी (रामेश, रायन, खुसीराम, जेबी र जीवन शर्मा) मध्ये खुसीराम पाखिनको असमयमै निधन भएको छ। सत्य हो, कमरेड खुसीराम पाखिन अर्थात् सबैले माया गरेर बोलाउने गरेको प्रिय नाउँ 'पाखिन दाइ' अब हामीबीच हुनुहुन्न। उहाँले सिर्जना गरेका गीत, सङ्गीत, स्वर र संस्मरणहरू मात्र छन् अब हामीसँग। खुसीराम पाखिन श्रमिक वर्गको मुक्तिका लागि मालेमावादी राजनीति, जनवादी गीत-सङ्गीत रचना र गायन एकैसाथ गर्दै आएका व्यक्तित्वको नाम हो। समाजमा रहेका सबैखाले विभेद अन्त्य गरेर साम्यवाद ल्याउने अठोटसाथ निरन्तर आन्दोलनमा लाग्नुभएका खुसीराम दलाल संसद्वादलाई टिकाउने षड्यन्त्रस्वरूप गर्न थालिएको चुनावका क्रममा पुष्पकमल दाहालका छोरा प्रकाशको मृत्यु भएपछि शोकसभामा गीत गाउँदागाउँदै हृदयाघातका कारण अन्तिम निःश्वास लिनुभयो। उहाँले अन्तिम समयमा पनि युवा र क्रान्तिकारीहरूलाई देश बचाउन आह्वान गरेरै अन्तिम प्रश्वास लिनुभएको थियो।

खुसीराम पाखिनको जन्म गोरखाको निम्नवर्गीय तामाङ परिवारमा २००९ सालमा भएको थियो। उहाँको ६४ वर्षको उमेर प्रायः आर्थिक अभाव र सङ्घर्षमै बित्यो। पञ्चायतकालमा जनपक्षीय राजनीतिजस्तै जनपक्षीय साहित्य, कला र सांस्कृतिक गतिविधिमाथि पनि प्रतिबन्ध थियो। चौथो महाधिवेशनको स्कुलिङ पाएका खुसीराम पाखिन चौमको राजनीति लिएर मुलुकभित्र र प्रवास (भारत) सम्म क्रियाशील रहनुभयो। पञ्चायती निरङ्कुशताका विरुद्ध लड्ने क्रममा उहाँले मुलुकभित्र र प्रवासमा गरी सयौँ मञ्चहरूबाट हजारौँपटक जनपक्षीय गीत गाउनुभयो। पञ्चायतकालमै उहाँका गीतहरू समेटेर 'आँसुको भाका' गीतिग्रन्थ प्रकाशित भयो। उक्त ग्रन्थमा समेटिएका र नसमेटिएका समेत उहाँका चारपाँच सय जनवादी गीतहरू छन् र प्रायः सबैमा आफैँले सङ्गीत दिनुभएको छ। पञ्चायतकालीन गैंती बेल्चा उचालेर, कालो बनको बीचैमा, के पायो नि कुल्ली दाइले, हाम्री चेली बिरानु देशमालगायत सङ्गीतबद्ध गीत र जनयुद्धकालीन लालझोपडीका मान्छेहरू गीतिचक्का तथा युद्धमोर्चाबाट फर्किंदा अपेराले उहाँलाई झनै अमर बनाएका छन्।

पञ्चायतकालको उत्तरार्द्धमा कृष्ण सेन 'इच्छुक', मणि थापा, ध्रुव ज्ञवाली, जनयुद्ध कालमा शारदा श्रेष्ठ, चुनु गुरुङ, मस्त बिस्ट, च्याङ्बा लामा र अझ यता पछिल्लो समयमा रमण थामी र निर्मला घिसिङहरूसम्म पनि खुसीराम पाखिनको सहकार्य थियो। राजनीतिक रूपमा मोहनविक्रम सिंह, मोहन वैद्य, पुष्पकमल दाहाल र विप्लवसँग पनि उहाँले सहकार्य गर्नुभयो।

समयावधिको हिसाबले खुसीराम पाखिनले पञ्चायतकालदेखि संसदीय काल, जनयुद्धकाल, शाहीकाल, जनयुद्धलाई सम्झौताबाट सिध्याइएपछिको कथित शान्तिकाल, प्रचण्डहरूको आत्मसमर्पणपछिको विद्रोहकाल र दलाल संसद्वादी काल गरेर सबै कालमा सिर्जनाहरू गर्नुभयो। उहाँ सीधासादा, निरन्तर सङ्घर्षमा विश्वास गर्ने, चिन्तन र अध्ययनमा रमाउने, सिर्जनशील व्यक्तित्वका धनी हुनुहुन्थ्यो। खुसीराम दाइको जीवन, निष्ठा र आदर्शलाई २०७० सालअघि र २०७० पछि गरेर दुई भागमा बाँड्न सकिन्छ। त्याग, शौर्य र बलिदानका लागि तत्परता हिजोका खुसीराम पाखिनको परिचय थियो। प्रचण्डको संसद्वादी, पलायनवादी धारसँग विद्रोह गरेर मोहन वैद्य नेतृत्वको नेकपा (माओवादी) मा लामबद्ध हुँदासम्म खुसीराम पाखिनको व्यक्तित्व क्रान्तिकारी आस्था र निष्ठामा प्रतिबद्ध थियो भने २०७० सालको मुखैमा प्रचण्डको पार्टीमा प्रवेश गरेर नक्कली संविधानसभाको कलोमा भुलेपछि उहाँप्रति क्रान्तिकारीहरूको आशा र विश्वासमा ठेस लाग्न पुगेको थियो। उहाँ २०७० सालमा चितवनको उपनिर्वाचनमा लड्नुभयो र पराजित पनि हुनुभयो। विद्रोही हुँदा सबैको हाईहाई भएका खुसीराम त्यसपछि अग्रमोर्चामा देखिनुभएन। तर पनि उहाँको हृदयमा भने क्रान्ति सम्पन्न हुनुपर्छ भन्ने भावना बाँकी थियो भन्ने उहाँको वक्तव्य र धारणामार्फत सार्वजनिक भइरहेको थियो।

आदर्शवादी पन्डाहरू राम्रो काम गर्नेलाई बाँचुन्जेल सराप्छन्, प्रगतिमा बाधक बन्छन्, भाँजो हाल्छन् र भौतिक अवसानपछि गोहीका आँसु खसाल्छन् तर द्वन्द्वात्मक भौतिकवादीहरू (मार्क्सवादीहरू) बाँच्दा पनि र मरेपछि पनि असललाई असल र खराबलाई खराब भन्ने हिम्मत र हैसियत राख्छन्। तमाम निष्ठा र आदर्शहरू हुँदाहुँदै पनि खुसीराममा केही सीमाहरू थिए : सायद ती आर्थिक अवस्थासँग पनि जोडिएका थिए। उहाँमा पछिल्लो समयमा वैचारिक स्खलन आएकै हो। विद्रोह र क्रान्तिमार्गबाट उहाँ विचलित हुनुभएकै हो। लेखक घनश्याम ढकालका बारेमा यही कुरा लेख्दा केही पामरहरूले 'मर्दा पनि नछोड्ने' भनेर अन्धभक्ति देखाएका थिए र सामान्य अवस्थामा दुर्घटनामा भएको मृत्युलाई पनि सहिदीसँग गाँसेर वास्तविक सहिदको, उहाँकै छोराले समातेको सहिदी बाटोको समेत अवमूल्यन गरेका थिए। खुसीराम दाइका सन्दर्भमा पनि त्यसो नहोला भन्ने छैन। बाँचुन्जेल धारेहात लगाउनेहरू, सामान्य सामाजिक जिम्मेवारीमा समेत जान नदिएर रोक्नेहरू, ईर्ष्या र डाहा गर्नेहरू उहाँको भौतिक अवसानपछि ऊभन्दा ऊ बढी गोहीका आँसु खसाल्न सुर्रिएका छन्। सत्य हो, यो क्रम अझै बढ्नेछ। यो त युद्धमा समर्पित इच्छुक र इच्छुक हिंडेको बाटोलाई सामाजिक फासिवाद र फासिवादी आतङ्क भन्दै राज्यलाई मार्न उक्साउने र बलिदानपछि साइँदुवा पल्टिँदै कविता र भजन लेख्ने 'छुपुरुस्तम' हरूभन्दा के बढी र नयाँ भयो र ? छोरा अमर बलिदान हुँदा पनि नधर्मराएर अविचलित लडिरहने खुसीराम दाइ हामीलाई, समाजलाई चाहिएको हो, केही रकममा लोभिएर विद्रोहको बाटो छोड्ने र आफैँले थुकेको थुक चाट्ने खुसीरामहरू हामीलाई चाहिएको होइन। यद्यपि पछिल्लो समयमा उहाँलाई आफू हिंडेको दलाल संसदीय व्यवस्थाको बाटोप्रति पश्चाताप र प्रायश्चितको अनुभूति हुँदै गएको बुझ्न सकिन्थ्यो। अखिल नेपाल जनसांस्कृतिक महासङ्घको ऐतिहासिक सम्मेलनमा अतिथिको आसनबाट बोल्दै उहाँले आफू र हिजो लामो समयसम्म निरन्तर आन्दोलनमा खटिएका संस्कृतिकर्मीहरूलाई आफ्नो पार्टीले हेर्दै नहेरेको, आफूलाई कोठाभाडा, बस्ने बाससम्म नदिएको र जनयुद्धको नाउँ भँजाएर नवधनाढ्य वर्गमा फेरिएकाहरूले अकुत सम्पत्ति कुम्ल्याएको थाहा पाउँछ भनेर कोठासम्म नदेखाएको भन्दै हलमै डाँको छोडेर रुनुभएको थियो। त्यतिबेला नेकपाका महासचिव कमरेड विप्लवले भन्नुभएको थियो- बाटो नबिराउनुस्, जीवनभर देश र जनताको मुक्तिका लागि योगदान गरेका खुसीरामहरूले अब रुनुपर्ने छैन। नभन्दै नेकपाले गत वैशाखमा अग्रज पाँचजना संस्कृतिकर्मीहरूलाई अभिनन्दन गर्दा खुसीराम पनि अभिनन्दित हुनुभएको थियो।

मओवादीको मूल नेतृत्व जनयुद्धबाट भाग्दै संसदीय आहालमा डुबेपछि उहाँलाई अन्तरिम संसद्को सांसद बनाइएको थियो। पछि मोहन वैद्य 'किरण' विद्रोही पार्टी नेकपा (माओवादी) को अध्यक्ष बनेर इच्छुक सांस्कृतिक प्रतिष्ठानको अध्यक्ष पद छाडेपछि खुसीराम पाखिन प्रतिष्ठानको अध्यक्ष बन्नुभएको थियो। प्रतिष्ठानको भवन निर्माणका लागि राज्यबाट करोडको हिसाबले रकम आउन थालेपछि खुसीराम पाखिनलाई एउटा लालची समूहले अपमानपूर्वक निष्कासन गरेको थियो। 'यो माराविरुद्ध षड्यन्त्र हो। यसमा इच्छुकप्रतिको निष्ठा होइन, आर्थिक नाफाघाटाको रहस्य लुकेको छ। यो रहस्य पछि थाहा हुन्छ' भन्ने उहाँको रोदन र कथन थियो। नभन्दै त्यो प्रमाणित पनि भयो।

---

नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय समितिले गत वैशाख १३ गते काठमाडौँको जमलस्थित राष्ट्रिय नाचघरमा आयोजना गरेको जनसांस्कृतिक योद्धा सम्मान कार्यक्रममा अभिनन्दित भएपछि वरिष्ठ जनसंस्कृतिकर्मी खुसीराम पाखिनले दिएको अभिव्यक्ति :

## क्रान्तिकै लागि लडेर मरौँ जस्तो लागेको छ

*खुसीराम पाखिन*



कम्युनिस्ट केन्द्र बनोस् भन्ने जनताको चाहना भए पनि तत्काल त्यसको सम्भावना कम छ। म प्रचण्ड समूहतिर जाँदा छोरोको रगतमाथि खेलबाड गरिस् भन्नेहरू नै अहिले प्रचण्डतिर लागेका छन्। मरे मर्ला क्रान्तिकै पक्षमा उभिएर मरौँ जस्तो लागेको छ। छोराको सहादतको खबर सुन्दा भन्दा पनि पीडा अहिले भएको छ। सपनाको हत्या निकै पीडादायी हुँदो रहेछ। 'कालो बनको बीचैमा' गीत लेख्दा रोएको थिएँ। शान्तिप्रक्रियामा आएपछि फेरि रोएँ। ससाना नानीहरूको भविष्य हेरेर यिनीहरूको अवस्था पनि भोलि मेरोजस्तै होला भनेर पीडा हुन्छ।

---

## तपाईंहरूको गीत गाउँदै लड्न जानेछौँ

**विप्लव**



हामीले महाधिवेशनबाट तीनवटा निर्णय गरेका छौँ- प्रथम, अग्रजहरूको सुरक्षाको जिम्मा लिन्छौँ। यो काम गरेर देखाउँछौँ। जनताको पङ्क्तिभित्र रहेकाहरूसँग हामीसँग विचार मिलेन भने पनि रक्षा गर्छौं किनकि योगदान र दृष्टिकोण फरकफरक विषय हो। त्यसरी नयाँ पुस्तालाई प्रोत्साहित गरिएन भने आन्दोलनमा अपुताली पर्ने खतरा छ। करोडपति र अर्बपतिको बाटो त्यही हो। जीवनले मान्छेलाई छुन्छ तर भावुक बनाउँछ। नयाँ पुस्तालाई प्रोत्साहित गर्ने हाम्रो दोस्रो निर्णय हो। तेस्रो सांस्कृतिक क्षेत्रमा रहेका अग्रजहरूको सुरक्षाको जिम्मा लिने निर्णय हामीले गरेका छौँ। त्यो सुरक्षा लाखौँ-करोडौँमा होइन, हाम्रै हैसियतमा गर्छौं। जनताका लागि जीवन नै दिनेहरूलाई खेलबाड गर्ने संस्कृतिको अन्त्य गर्नुपर्छ। हामीले कम्युनिस्ट पार्टी बनाएर मात्र पुग्दैन, कम्युनिस्ट समाज नै बनाउनुपर्छ। नेता बन्नु संयोगको विषय हो। तर कम्युनिस्ट समाज बनाउनुपर्ने हाम्रो दायित्व हो। मान्छेमा रूपान्तरणको गुण हुन्छ। पार्टीमा लाग्नासाथ त्यो अब्बल हुने र अरू सबै मूर्ख र अर्थहीन ठान्नु हुँदैन। कम्युनिस्ट पार्टी भनेको सार्वजनिक यातायातजस्तो जो पनि चढ्ने, जो पनि ओर्लनसक्ने विषय होइन। हामीले १५/१६ जना सहकर्मी एउटै खाल्डोमा अन्तिम संस्कार गरेर आएका छौँ। हामीमा ती बलिदानको पीडा र प्रभाव छ। हामी हाम्रो प्रस्ताव र आदर्श सुन भनिरहेका छौँ। कुरा नसुन्ने, घेराबन्दी गरेर समाप्त पार्ने सोचाइ राज्यले बनाउँछ भने त्यसको अन्तिम जबाफ बन्दुक हो। जनताको आवाज नसुन्नु भनेको बन्दुकको घमण्ड हो। त्यो घमण्डको जबाफ दिन हामी तयार छौँ। तपाईंहरूका गीत र कविता सुनेर युवाहरू मृत्युलाई कुल्चँदै लडेका थिए। त्यसैले त माओले बन्दुकको सेना मात्रै हुँदैन, कलमको सेना पनि चाहिन्छ भन्नुभएको थियो। हार्न जसले पनि सक्छ, हामी जित्छौँ अथवा निरन्तर क्रान्तिमा हुन्छौँ। तपाईंहरू जहाँ भए पनि हामी तपाईंहरूको गीत गाउँदै लड्न जानेछौँ। गीत, कविता, लेख्न र गाउन नछोड्नुहोला। जार र च्याङकाइसेकका सेनाका इमानदारहरू त्यहाँ विद्रोह गरेर कम्युनिस्ट फौजमा मिल्न आएका थिए। त्यो स्थिति नेपालमा पनि हुन्छ र हुनुपर्छ।

(**रातो खबर**, **वर्ष** २, **अङ्क** ४४, **पूर्णाङ्क** ९२, २० **वैशाख**, २०७४)



---

## कविता


### मरेको मान्छे

■ *मंगलेश डबराल*

एकजना मरेको मान्छे
यो समयमा
जिउँदा मान्छेको तुलनामा
कयौँ गुणा धेरै बोलिरहेको छ
उसको शरीरबाट बगिरहेको रगत
शरीरभित्र बगिररहेको रगतभन्दा
ठूलो आवाजमा बगिरहेको छ
जोडले हुरी चलिरहेको छ
र
विचार र सपनाको स्मृतिलाई
हावामा उडाइरहेको छ
कुनै अँध्यारो सुरुङबाट
कालो-कालो वस्तु
हिंस्रक पशुहरूले राज गरेको रात
चारैतिर जमघट भइरहेको छ
एउटा लुटेरो/पहाडहरू/फाँटहरू नाघ्दै
बस्ती हुँदो गइरहेको छ
उसको हात धरतीको गला अँठ्याउन
अगाडि बढिरहेको छ।

(मंगलेश डबरालको हिन्दी भाषामा लेखिएको कवितांश अनिल शर्माद्वारा भावानुवाद गरी प्रकाशित गरिएको छ- **सम्पादक**)

### संसद्मा एक दिन



रसुवाली कवि

यो हिउँदको पहिलो साता हो
अर्थात् चल्दैछ संसद्को अठारौँ सेसन
आउनुस् खसीको टाउको हेर्दाहेर्दै
राँगाको सुप खाऊँ
बडो रमाइलो छ सेसन

पूर्वस्वास्थ्यमन्त्री
माडिरहनुभएको छ सुर्ती
चर्चित युवानेता
खाइरहेका छन् चनाचटपटे
विकास समितिका माननीय सदस्ययहरू
हेरिरहनुभएको छ पीके फिल्म
अर्थसमितिका सभापतिको झोलामा
भेटिएको छ गाँजासहित एक थान चुरोट

यो हिउँदमा चिसो धेरै हुन्छ
र तातो खोजिरहेछन् सांसदहरू
हिजो मायालु बारमा भेटिएको पनि सभासद् हो
नालीमा लडिरहेको पनि माननीय हो

महिला, बालबालिका समितिका माननीय
सदस्यहरू
झोलामा विधयेक होइन
खुर्सानीको धुलो बोक्छन्
सहरको चर्चित पत्रिका समाचार होइन
खोजिरहेछ विपक्षी दलकी नेत्रीको पेन्टीको
मूल्य

एउटा गुमनाम बुढो पत्रकार लेखिरहेछ
समाचार
प्रधानमन्त्रीले किन जुत्ता हान्नुभो सभामुखलाई
अर्थसमितिका सदस्यले किन बोले अपशब्द
प्युठानमा माननीयले नै कुटे श्रीमती
सेनासम्बन्धी विधयेक पुग्यो दिल्ली

नेपाल अचक कम्पनीको मालतालजस्तो
एकदमै अपवित्र विषयमा छलफलरत माननीय
कसरी बनाउनुहुन्छ देशलाई
यो प्रश्न म कसरी गरूँ तपाईंलाई।

## हजुर ! म ...

हुन्थ्यो। युवाहरू कि त जेलमा थिए, कि त भूमिगत। नेताहरूको रातारात सेल्टर फेर्नुपथ्यी। हाम्रा कमरेडहरू र युवाहरूलाई जोगाउने जिम्मेवारी हाम्रो थियो। त्यतिबेर यस क्षेत्रमा महिला र युवा मोर्चाको जिम्मा पार्टीगत रूपमा कमरेड सुनिती करमारको थियो। अहिले उहाँ पनि ७४ वर्षको पुग्नुभयो। कसरी जोगाउने भन्ने चिन्ताका साथ दिनरात नभनी, घामपानी नभनी हामी खटेका थियौं। सम्पर्क बनाउँदै, नआत्तिन भन्दै सेल्टर सार्दै गरेर हामीले धेरै कमरेडहरूलाई बचायौं। हामी सेल्टरमा सुरक्षा दिन्थ्यौं। सूचना बटुल्थ्यौं, अनेक बहना बनाएर हामीले कमरेडहरूको सेल्टरको सुरक्षा गरेका थियौं।

हामीलाई देखाउँदै कतिले खिसिट्युरी गर्छन्। कतिले उडाउन पनि खोज्छन्। "नक्सलबाडीको बाटोको भविष्य छैन" भन्थे, त्यतिबेला पनि। उनीहरूका लागि व्यक्तिगत सुखसुविधा र मोजमस्ती नै क्रान्ति हो, प्राप्ति हो, भविष्य हो। फोहोरमैलामा मुख जोतेर उनीहरू आफू सुन्दर हुनुको ढोंग गर्छन्। अरूलाई भोकै राखेर म एउटी अघाउनुको के अर्थ ! अरूको रगतमा मोजमस्तीमा जीवन बिताउनुको के अर्थ ! अचम्मको हुँदो रहेछ, आन्दोलन पनि। हिजो सँगै हिँडेको, लडेको मान्छेले जब वर्ग फेदी रहेछ, जब उसको चिन्तन फेरिँदो रहेछ, घोषित प्रतिक्रियावादीहरू भन्दा झन् खतरनाक हुँदो रहेछ। उसले पहिले हिजो सँगै हिँडेको सहयोद्धालाई सबैभन्दा बाधक देख्दो रहेछ। उसलाई सिध्याउनुमै आफ्नो भविष्य सुरक्षित देख्दो रहेछ। उसको पहिलो प्रहार उसैमाथि हुँदो रहेछ। लाल झण्डाभित्र लुकेको दुस्मन झन् खतरनाक हुन्छ भनेको यही रहेछ। त्यही भयो हाम्रो आन्दोलनमा पनि। चारु बाबुको हत्यामा क्राङ्ग्रेसीहरूको मात्र नभएर कम्युनिस्ट खोल ओढेर काङ्ग्रेससित हातेमालो गर्नेहरूको पनि हात छ। उहाँको मृत्यु तारतम्य मिलाएर गरिएको हत्या थियो। देशकाल परिस्थितिअनुसार प्रतिक्रियावादीहरू भन्दा संशोधनवादीहरू झन् खतरनाक हुँदा रहेछन्। संशोधनवाद भनेको त सारै खतरनाक सङ्क्रामक रोग पो रहेछ। सारै नराम्रो गरी गन्हाउँदो रहेछ, यो कुहिएपछि। एउटा कुहेको आलुले सिङ्गो बोराको आलु बिगादी रहेछ।

चारु बाबु मुटुको बिरामी हुनुहुन्थो, औषधी खाइरहनुपर्ने। पक्राउपछि हावा नै नछिर्ने, प्रकाशै नछिर्ने कोठरीमा उहाँलाई राखियो। परिवारका मान्छेलाई पनि भेटघाट गर्न दिइएन, औषधी दिइएन, डाक्टर सुविधा पनि दिइएन। सेलमा राखेर तडपाईतडपाई मारे पाखण्डीहरूले उहाँलाई।

चारु बाबुको हत्यापछि पार्टीमा पनि विभाजन आयो। कोही घोषित रूपमै चुनावमा लागे। कोही चुनावको क्रान्तिकारी उपयोग गर्ने भनेर लागे। कसैले भारतीय कम्युनिस्ट पार्टी (न्यु डेमोक्रेसी) खोले र कसैले भारतीय कम्युनिस्ट पार्टी (लिबरेसन) खोले। थुप्रैथुप्रैहरू नेता बन्ने होडबाजीमा लागे। कतिपयले आफू सही क्रान्तिकारी भन्दै चारु बाबुको विरोध गर्दै आफूलाई पतन गराए। कतिपयहरू अझै पनि आफूलाई मालेमाको पक्षधर भन्छन्, "दिशा सन्धान" को कुरा गर्छन्, तर नक्सलबाडी आन्दोलनले देखाएको बाटोलाई "वाम दुस्साहसवाद" भनेर विमर्शवादको गोलचक्करमा रमाइरहेका छन्।

आफूलाई मालेमाको पक्षधर भन्ने पार्टीहरू त अहिले पनि छन्। तर तिनका गतिविधिहरू शून्यझैं छन्। जो चुनावी राजनीतिमा लागे, ती ज्योति बसुका कार्यकर्तामा परिणत भए, अनि जो 'क्रान्तिकारी उपयोग' मा लागे तिनले विसर्जनको बाटो समाते। वास्तवमा आफूलाई मालेमाको पक्षधर भन्दैमा, दस्ताबेजमा मालेमा, नयाँ जनवाद र क्रान्तिका कुरा लेख्दैमा कोही पनि क्रान्तिकारी हुँदो रहेनछ। क्रान्तिप्रति विश्वास नभएर थाकेर पलायन हुने कुरा त भइगयो, सबैभन्दा खतरा त चुनाव रहेछ, अनेक नाम दिएर र बहाना गरेर जब कुनै कमरेड चुनावी राजनीतिमा प्रवेश गर्छ, जब कुनै पार्टी चुनावी मोहमा फस्छ, बुझ्नोस्, सिद्धिने मेलो त्यहीँबाट आरम्भ हुँदो रहेछ। विस्तारै विर्जनको बाटो समात्तो रहेछ उसले। अन्यत्र पनि त्यस्तै भएको थियो। हाम्रोमा पनि त्यस्तै भयो।

आन्ध्रका कमरेडहरूले यो यथार्थलाई बुझे। बिहारका कतिपय कमरेडहरूले पनि यस यथार्थलाई बुझे। आन्ध्रका कमरेडहरूले भारतीय कम्युनिस्ट पार्टी (माले) पिपुल्स वार निर्माण गरेर मालेमाको बाटो, नक्सलबाडीको बाटो समाते। कमरेड कन्हाइ चटर्जीको विराशत समातेको बिहार(बङ्गालमा सक्रिय 'दक्षिणदेश' को नेतृत्वमा रहेको 'माओवादी सेन्टर' (एमसिसी) का कमरेडहरूले पनि यस यथार्थलाई बुझे। 'पार्टी युनिटी' का कमरेडहरूले पनि यो कुरालाई बुझे। खासगरेर भारतीय कम्युनिस्ट पार्टी (माले) पिपुल्स वारले क्रान्तिको झण्डालाई दरोसित समात्यो। पहिले 'पार्टी युनिटी' को 'पिपुल्स वार' समूहसित एकता भयो। अनि पछि भारतीय कम्युनिस्ट पार्टी (माले) पिपुल्स वार र एमसिसीबीच एकता भयो। यिनै दुई पार्टीको मेलबाट सन् २००४ मा बनेको भारतीय कम्युनिस्ट पार्टी (माओवादी) ले चारु बाबुको विरासतलाई अघि बढाइरहेको छ। नक्सलबाडीले आरम्भ गरेको नयाँ जनवादी क्रान्तिको झण्डालाई थप रक्तिम बनाएर यसले माथिमाथि उचालिरहेको छ। दुस्मनको आधुनिक हतियार र चौतर्फी आतङ्कलाई चुनौती दिँदै सिङ्गो भारतभरि महान जनयुद्धको झण्डा यसले फहराइरहेको छ। क्रान्तिकारीहरू सबै यसैमा गोलबद्ध बनिरहेका छन्। सन् २०१५ मा कमरेड अजिथको नेतृत्वमा रहेको र 'रिम' को संस्थापक सदस्य पार्टी भारतीय कम्युनिस्ट पार्टी (माले) नक्सलबाडी पनि यसमा आएर यसमा समावेस भएपछि यो झन् बलियो भएको छ।

सम्झिन्छु लीला दीलाई। चारु कमरेडकी जीवनसाथी लीला सबैकी लीला दी हुनुहुन्थो। वहाँ पनि राजनीतिक परिवारसित सम्बद्ध हुनुहुन्थो। सन् १९४८ तिर "तेभागा" किसान आन्दोलनको समयमा केही महिना जेल पनि पर्नुभएको थियो। सम्पन्नताको जीवन खोज्नु र रोज्नु भएन दिदीले। उहाँका छोराछोरीहरू अहिले पनि भन्छन् :

"जीवन साह्रै दुखपूर्ण थियो, तर माँले कहिल्यै पनि तेरा बाले गर्दा यसो भयो, उसो भयो भनेर गुनासो गर्नु भएन, पीर मान्नु भएन। बा मात्र होइन, आमा पनि महान हुनुहुन्छ। हाम्री आमा सबैकी लीला दी हुनुहुन्थो। उहाँले हामीलाई कहिल्यै दुखको आभास हुन दिनुभएन। केही पीडा र समस्या त झेल्यौं, तर हाम्रो मनोवल उच्च छ, हामीले टाउको निहुराउनु परेन। १९६९ मा पिताजी भूमिगत हुनुभयो। प्रहरी खोजीमा थियो। चौबिसै घण्टा आमा निगरानीमा हुनुहुन्थो। आमाको पछि लाग्थे सिआइडीहरू– चारुलाई पक्कै भेटन जान्छे भनेर। प्रहरी र जासुसका आँखा छलेर आमा पिताजीलाई भेट्न जानुहुन्थ्यो। आमालाई उत्साहित पार्नुको साटो कतिपय नेता भनाउँदाहरू चारुले गलत लाइन लियो भनेर निरुत्साहित पार्थे। आमाले कहिल्यै यस्ता कुरामा चासो राख्नुभएन। यस्ता कुराले उहाँलाई अलिकति पनि विचलित पारेन। आँसु झार्नु भएन। जुलाई २७, १९७२ मा कलकत्ताको लाल बजारस्थित प्रहरी मुख्यालयमा पिताजीको मृत्यु भएको खबर सुनेर आमा पहिलो पल्ट भक्कानिनुभयो। मुटुको बिरामी, पिताजीलाई अक्सिजन नदिएर तड्पाईतडपाई मारिएको थियो। घटना सम्झिदै छोरा अभिजित भन्छन्–'सेतो कपडाले छोपिएका पिताजीका खुट्टाका पैताला एकदमै काला भएका थिए, ती काला पैताला अझै पनि मेरो आँखामा घुमिरहेका छन्। पिताजीबाट मैले धेरै कुरा सिकेँ, मेरो बा नै मेरो नायक हो।"

अपराधीहरू चारुको मृत शरीरदेखि पनि आतङ्कित थिए। थाहा नदिई दाह संस्कार गर्न भनियो। घर लान दिइएन। राइफलधारीको घेरामा दाहसंस्कार भयो।

एकजना लेखकले लेखेको कुरा म तपाईँहरूलाई सुनाउँछु। ल सुन्नोस् :

"जुलाई २८, १९७२

झमक्क साँझ परेको थियो। चारु दाको सासहीन शरीरलाई एकदमै गोप्य किसिमले सशस्त्र प्रहरीको सुरक्षासाथ कलकत्ताको एसएसकेएम अस्पतालबाट केवरतलाको मसानघाट ल्याइएको थियो। यस्तो लाग्थ्यो सहरमा कर्फ्यु लगाइएको छ। सडक खाली गरिएको थियो। सडकको दुवैतिर लाइनबद्ध भएर हतियारसहित पुलिस तैनाथ थिए। तर, जति लुकाए पनि चारुको मृत्युको खबर लुक्न सकेन। यस्तो बेला पनि छेउकुनाबाट मान्छेहरू निस्केर नारा लगाएको सुनिन्थ्यो :'चारु दा जिन्दाबाद !' 'नक्सलबाडी जिन्दाबाद।'

कति साहसी मान्छेहरू !

लामो पर्खाइपछि मृत शरीरलाई मसानघाटमा ल्याइएको थियो। त्यहाँ पनि चारैतिर अर्धसैनिक बल र सशस्त्र प्रहरी तैनाथ थिए। पीडाले मर्माहत भएको एउटा परिवारका चार जना सदस्य– एउटी आइमाई मान्छे, दुई जना केटी र एउटा केटा पुलिस दस्ताको छेउमा गम्भीर मुद्रामा उभिएका थिए-चुपचाप। एक जना पुलिसले त्यो केटाको हातमा अगुल्टो थमायो र चारु दाको मृत शरीरमा आगो झोस्न भन्यो।"

यस्तो थियो चारु बाबुको इतिहासको अन्तिम अध्याए। सत्ताधारीका आँखामा वहाँ खतरनाक दुस्मन हुनुहुन्थो र उत्पीडत जनताको आँखाको नानी–प्यारो मान्छे।

चारु बाबुको मुत्युपछि धरपकड र दमन तीव्र पारियो। आतङ्क थियो चारैतिर। जेलमा पनि दमन तीव्र थियो। विभिन्न जेलमा विद्यार्थी, युवाहरू, लेखक र पत्रकारहरू थिए। जेल पनि एउटा मोर्चा बनेको थियो। जेलमै मुठभेडको हल्ला गरिन्थ्यो र एकएकओटा निहुँ बनाएर हत्या गरिन्थ्यो।

त्यतिबेर कमरेड माओको निम्तामा चारु बाबुसित सुनिती खोकान माओलाई भेट्न चीन जानुभएको थियो। माओले सबै कुरा सहयोग गर्छु भन्नुभएको थियो भनेर हामीले सुनेका थियौं। चारु बाबुको हत्यापछि अरू नेताले त्यतातिरको चासो छाडे। माओको मृत्युपछि चिनियाँहरूले पनि यताको चासो राख्न छाडे।

अब ५० वर्ष भएको छ। अहिले नक्सलबाडीस्थित सहिदहरू र मार्क्स , लेनिन, स्टालिन, माओ अनि चारुको स्तम्भ रङ्गाउने काम थालिएको छ। कतिपयले यसैका नाममा कमाउ धन्दा पनि गर्नेगरेका छन्। चारुले लिएको मूल्यमान्यता र क्रान्तिको बाटो त्यागेर पनि क्रान्तिको स्वाङ गर्नेहरू जब नक्सलबाडी र चारुको बखान गर्छन्, व्यङ्ग्यले हाँस्न मन लाग्छ। माओ र चारुको नाम लिने र क्रान्तिको कुरा गर्नेहरू धेरै भए पनि माओ र चारुले देखाएको बाटोमा निरन्तर अघि बढिरहेको पार्टी भारतीय कम्युनिस्ट पार्टी (माओवादी) मात्रै छ। नयाँ जनवादी क्रान्तिको कुरा गर्नेहरू पनि धेरै छन्, तर, नयाँ जनवादको क्रान्तिकारी बाटोप्रति प्रतिबद्ध पार्टी भारतीय कम्युनिस्ट पार्टी (माओवादी) मात्रै छ। सशस्त्र सङ्घर्षको कुरा गर्नेहरू पनि छन्। तर मालेमामा आधारित दीर्घकालीन जनयुद्धको वैज्ञानिक बाटो रोज्ने पार्टी भारतीय कम्युनिस्ट पार्टी (माओवादी) मात्र छ। आदिवासी, दलितहरू र अन्य उत्पीडित समुदायको मुक्तिका लागि बलिदानको बाटो रोज्ने पार्टी माओवादी पार्टी मात्रै छ।

त्यसैले म विश्वस्त छु नक्सलबाडीको मशाल निभ्ने छैन। यो त रक्तवीज हो, मर्ने छैन, यो क्रान्तिकारी विचार हो, निर्धानिमुखाको मुक्तिको बाटो, यो कहिल्यै पुरानो हुने छैन। संसारमा निर्धानिमुखा छउन्जेल, वर्गशोषण रहुन्जेल नक्सलबाडी मर्ने छैन। चारु बाबुले भन्नुभएको थियो : "नक्सलबाडी झन् फैलने छ, अब हज्जारौं नक्सलबाडीहरू जन्मने छन्, नक्सलबाडी मरेको छैन र कहिल्यै मर्ने पनि छैन।"

थुप्रै द्रौपदीहरू अहिले पनि नाङ्गिन बाध्य छन्, मर्न बाध्य छन्। यी हेनीस् यो छत्तिसगढको भर्खरैको समाचार, अनि यो फोटो :

"आदिवासी महिलालाई नक्सलीको आरोप लगाएर थानामा ल्याएर कयौं दिनसम्म बलात्कार गरेर अन्तिममा मुठभेड भनेर हत्या गरी लास जङ्गलमा फ्यालियो, आदिवासी गाउँलेले थाना घेराउ गरे।"

हरेक दिन यस्ता समाचारले भरिएका हुन्छन् समाचारपत्रहरू। अनि कसरी मर्छ नक्सलबाडी ! अनि कसरी चुपचाप बस्छन् दोप्ती र द्रौपदीहरू ? हिजो हामीले धनुषकाँढ बोक्यौं, अहिले उनीहरू एके(४७ बोकेर दुस्मनविरुद्ध भिडछन्। कहाँ मरेका छन् र सपनाहरू !

चारु बाबुले भन्नुभएको थियो : "जो आफू पनि सपना देख्दैन र अरूलाई सपना देख्न सक्ने बनाउँदैन, ऊ क्रान्तिकारी हुन सक्तैन।"

म नक्सलबाडीकी आमा, म दोप्ती, म महेश्वेता दिकी द्रौपदी, विश्वस्त छु। मरेका छैनन् हाम्रा सपनाहरू र कहिल्यै मर्ने छैनन् निर्धानिमुखाका सपनाहरू। सपना देखाउनेहरू पनि मरेका छैनन्। ती आन्ध्रमा लडिरहेका छन्। उडिसामा लडिरहेका छन्। छत्तिसगढ, झारखण्ड बिहार बङ्गाल, मणिपुरमा लडिरहेका छन्। ती पेरू, टर्की र फिलिपिन्समा लडिरहेका छन्, नेपालमा लडिरहेका छन्। जहाँजहाँ अन्याय, अत्याचार र उत्पीडन छ, त्यहाँत्यहाँ लडिरहेका छन्। त्यसैले त भन्छु :

"तुम्हारबाडी, अमारबाडी नक्सलबाडी ! एकइ रास्ता ।।। एकइ रास्ता नक्सलबाडेर एकइ रास्ता।"

***स्रोत : जनमेल डटकम***

## चुनावको दिन ...

**निर्वाचन सामग्री नष्ट, प्रहरीसहित चार घाइते**

शनिबार राती मुम्रामा निर्वाचन सुरक्षाका लागि गएको प्रहरी र स्थानीयबीच दोहोरो भिडन्त हुँदा २ प्रहरीसहित ४ जना गम्भीर घाइते भएका थिए। प्रहरी नायव निरीक्षक गिरिराज भण्डारी, प्रहरी जवान रामबहादुर चौधरी र अन्य दुई स्थानीय घाइते भएका हुन्। बेलुका ९ बजेबाट ११ बजेसम्म दोहोरो भिडन्त भएको थियो। त्यसपछि स्थानीयले मुम्राको क्युरी मतदान केन्द्र कब्जामा लिई निर्वाचन सामग्री नष्ट गरिदिएका थिए। स्थानीय युवाहरूले निर्वाचनका लागि गएका प्रतिनिधिहरूबाट सम्पूर्ण सामग्री खोसेर नष्ट गरिदिएपछि त्यहाँ प्रहरीले ३ जना युवालाई पक्राउ गरेको थियो। तर गाउँका सबै महिलाहरू एकजुट भएर ती युवालाई प्रहरीको हातबाट खोसेर फिर्ता ल्याएका थिए। निर्वाचनमा अत्यधिक सुरक्षा खतरा भन्दै सेना र प्रहरीको गस्ती र हवाईगस्ती गर्दै फेरि निर्वाचन सामग्री त्यहाँ पुऱ्याईएको भए पनि मतदान हुन सकेन।

त्यस्तै मेहलडीमा पुगेका निर्वाचन टोलीका प्रतिनिधि र प्रहरी फिर्ता हुन नसकेपछि त्यहाँ पनि हेलिकोप्टरको प्रयोग गर्नुपरेको थियो। यस्तै रुप्सा, कुमालगाउँ, कोडबाडा, रकुलगायत मतदानकेन्द्रहरूमा प्रहरीले घरघरबाट स्थानीयहरूलाई ल्याएर मतदान गर्न लगाए पनि निकै न्यून मत खसेको छ। कुल मतदाता सङ्ख्याको दस प्रतिशत मात्र मत खसेको बताइएको छ। निर्वाचनको दिन कालीकोटमा दिनभरि नै सेनाले हवाईगस्ती गर्नुपरेको थियो भने नेकपा समर्थित स्थानीय बासिन्दाले दुई दर्जनभन्दा बढी स्थानमा बम विस्फोट गराएका थिए। स्थानीय निर्वाचनको बेला पनि कालीकोटमा भएको दोहोरो झडपमा १ जनाको ज्यान गएको थियो भने एक दर्जनजति घाइते भएका थिए। स्थानीयले प्रहरीबाट कब्जा गरेका हतियार नेकपाको पहलमा फेरि प्रहरीलाई नै फिर्ता गरिएको थियो।

## पहिलो चरणको ...

पछाडि थुप्रै कारणहरू छन्। यसले जनतामा नेता र दलहरूप्रति अविश्वास बढ्दै गएको र निराशा बढाएको सङ्केत गरेको छ। जनताहरू 'जुन जोगी आए पनि कानै चिरेका' भन्दै उनै कान चिरेका जोगीलाई मतदान गर्नुभन्दा बहिष्कार गर्न उद्यत भएको देखियो। भर्खरै मात्र स्थानीय तहको चुनाव सकिएको थियो। जनताको ठूलो अपेक्षा पनि थियो। तर निर्वाचित प्रतिनिधिहरू भ्रष्टाचारमा मुछिएका, परिवर्तनको अनुभूति थोरै पनि नभएको कारण पनि 'सबै उनै हुन्, कसलाई मतदान गरेर के हुन्छ र!' भन्ने सोचाइमा पुगेका थिए। नेता र दलहरूप्रति नागरिक उदासीनता अर्को कारण थियो।

आइतबारको पहिलो चरणको निर्वाचनमा नेकपाको सशक्त उपस्थिति अर्को कारण बन्यो। चुनावको नामाङ्कनको अघिल्लो दिनसम्म नेपाल प्रहरी, निर्वाचन आयोग, प्रशासन र दलाल नेताहरू नेकपाको कुनै प्रभाव र शक्ति नभएको भन्दै थिए। एकाएक उनीहरू निद्राबाट ब्युँझिएझैं एकले अर्कोलाई दोषारोपण गर्दै पन्छिँदै गर्न थाले। सञ्चार माध्यमहरूलाई विज्ञापन थाप्नु थियो भने कथित बुद्धिजीवीहरूलाई लाभको पदका लागि मालिक रिझाउनु थियो। सुगौली सन्धिपछि नेपाली युवालाई भाडामा फौज बनाउनुभन्दा अगाडि नै शासक र बुद्धिजीवीलाई भाडामा लिइसकेका थिए। भाडाका फौज भर्ना गर्ने-लिने प्रक्रिया यथावत् रहेको बेला भाडाका बुद्धिजीवी नहुने कुरै भएन। गणतन्त्र, सङ्घीयताजस्ता पदावली प्रयोग हुँदैमा नयाँ हुँदैन। पञ्चायती व्यवस्थादेखि राजतन्त्रकालको विचार, नेता, सोचाइ र विदेशी ताबेदारी यथावत् छ। त्यसका कारण जनतामा असन्तोष र परिवर्तनको चाहना यथावत् छ। नेकपाले त्यही जमिनी यथार्थको सम्बोधन गरिरहेको हो। अन्यथा ५ सयभन्दा बढी कार्यकर्ता गिरफ्तार गर्दा अस्तित्व नदेखिनुपर्ने हो। शासक वर्गले त्यसप्रकारले सोच्न आवश्यक छ।

## थवाङमा न्यून ...

हुनसक्ने सम्भावित आक्रमणको त्रास भएको बुझिएको छ। यस्तै प्रहरीको विशेष स्रोतका अनुसार रोल्पा विशेषगरी थबाङलाई लक्षित गरी छोटो हतियारसहितका ६५ जना कमान्डो र अनुसन्धानको टोली परिचालन गरिएको थियो।

**निर्वाचन टोलीलाई जनताले लखेटे**

उता रुकुमका दुईवटा मतदान केन्द्रमा पुनः मतदान गर्नुपर्ने भएको छ। काँडा र बाँफीकोटमा रहेका दुई मतदान केन्द्रका मतपेटिकामा आगो लागेपछि पुनः मतदान गर्नुपर्ने भएको हो। मतपेटिकामा आगो कसले लगाएको भन्ने थाहा भएको छैन तर नेकपा समर्थकहरू यसमा संलग्न भएको हुनसक्ने प्रहरीको अनुमान छ। यस्तै रुकुमकै चौहरजहारीमा मतपेटिका बोकेको निर्वाचन टोली नेकपाका कार्यकर्ताको लखेटाइबाट तितरबितर हुनपुगेको छ। हिमाली जिल्ला मुगुमा निर्वाचनका लागि गएको सुरक्षाकर्मीसहितको टोलीलाई पनि स्थानीयले लखेटेका छन्।


आरामदायी यात्राको लागि




सिन्धुली, बर्दिबास, जनकपुर, लालबन्दी, धारापानी, मिचैंया, राजविराज, कटारी, गाइघाट, इटहरी, धरान, विराटनगर, काँकडभिट्टा, घुर्मी, हलेसी, दिक्तेल, ओखलढुंगा, सोलु, सल्लेरी, मन्थली, रामेछाप।

सम्पर्क : ९८४११०६९६७, ९८४४४०३१५९



सिंचाईको उचित व्यवस्थापन गरी कृषि उपज वृद्धि गरौं।

डिभिजन प्रमुख
सिंचाई विकास डिभिजन कार्यालय
स्याङ्जा



"दूध उत्पादनको मुख्य आधार, कृत्रिम गर्भाधानद्वारा नश्ल सुधार"
"Breed Improvement through Artificial Insemination is the key factor for Milk Production"

कृत्रिम गर्भाधानका फाइदाहरू :

१. कम उत्पादनशील स्थानीय पशुहरुमा उन्नत वीर्यबाट कृत्रिम गर्भाधान गराई पशुजन्य पदार्थको उत्पादन र उत्पादकत्व वृद्धि हुने।
२. प्रजननको लागि भाले जनावर पाल्नु नपर्ने।
३. हाडनाता प्रजनन (Inbreeding) बाट उत्पादकत्वमा हुने ह्रास नहुने।
४. प्रमाणित साँढेको एक वर्षको वीर्य संकलनबाट ३० देखि ५० हजार गाईलाई कृत्रिम गर्भाधान गर्न सकिने।
५. प्रजननको माध्यमबाट सर्ने विभिन्न रोगबाट पशुको बचावट हुने।

राष्ट्रिय पशु प्रजनन केन्द्र, पोखरा
फोन नं. ०६१-६२२२८४

नियमित

# एउटा विद्रोह ज्यापुनीहरूको


■ तीर्थमान ज्यापु

सामन्तहरूको शोषण र उत्पीडन बढ्दै गएर जब चरम सीमामा पुग्न थाल्छ त्यसबेला कातर पिछडिएकाहरूमा पनि रगत उम्लिन्छ र विद्रोहको भावना जाग्न थाल्छ । यस्तै एउटा विद्रोह ज्यापुनीहरूले पनि साहसपूर्वक गरेका थिए । पहिले पनि भनिसकिएको कुरो हो- मेरा बा भोटे ज्यापु साधारण किसान थिए र जग्गाधनीको अर्थात् तल्सिङको खेतमा श्रम लगाएर उत्पादित बाली तल्सिङलाई बुझाई बचेको केही उब्जनीमा नै निर्भर रही जीवन गुजारा गर्ने गर्थे । यसरी सामन्तहरूको शोषणबाट हैरान भएका र २००७ सालको राजनीतिक जागरणको हावाले पनि प्रभावित भएको हुँदा उनी अनपढ किसान भएर पनि राजनीतिमा अलिअलि चाख राख्थे । तर मेरा हजुरबाजे भने पुरानै विचारका, तल्सिङलाई देउता मान्ने र आफ्नो परम धर्म मान्ने इमानदार मोही थिए । यही कारणले गर्दा बेलाबेलामा बाले तल्सिङको शोषणको विरोध गर्न खोज्दा हजुरबाजे पाप सम्झेर गाली गर्नुहुन्थ्यो र दुवैको बीच च्याङठ्याङ मिल्दैनथ्यो । यस्तैमा एउटा विद्रोहको घटना हुन पुग्यो ।

हाम्रो छिमेकी घरमा इमानसिंह गुरुङ नाम गरेको एकजना मानिस डेरा गरी बस्थे । उनी २००७ सालको क्रान्तिमा इमानदारीपूर्वक अदम्य साहसका साथ भाग लिएका योद्धा थिए । नेपाली काङ्ग्रेसको झन्डामुनि रहेर नेपालमा प्रजातन्त्र स्थापनाका लागि ज्यानको पर्वाह नगरी लडेर क्रान्ति गर्दागर्दै नेपाली काङ्ग्रेसले दिल्ली सम्झौता गरी राणाहरूसँग हात मिलाइदिएको हुँदा उनी उक्त क्रान्ति असफल भएको ठानी निराश भएर काङ्ग्रेस पार्टीबाट विद्रोह गरी बाहिर निस्केका थिए । इमानसिंह गुरुङको र मेरा बाको विचार र दृष्टिकोण मिल्ने र राम्रो पनि थियो । क्रान्ति असफल भएको हुँदा उनमा नैराश्य आयो र उनी दिनहुँ जाँड र रक्सीमा लट्ठिन थालेका थिए । मेरा बा पनि जाँडरक्सीमा मात्तिने मतवाली भएका हुँदा दुवै खूब मिल्थे । उनी अक्सर हाम्रो घरमा आई नै रहन्थे । उनको कुरागराइ अत्यन्त राम्रो, सुनिरहुँजस्तो लाग्ने थियो । त्यसैले म स्वाँथ्यामा (तमाखु खाने एक प्रकारको हुक्का जस्तो भाँडो) मा तमाखु भरेर ल्याइदिन्थेँ र उनीहरूका कुरा सुनिरहन्थेँ । तमाखु खाएर धुवाँ उडाउँदै जीवनका उकालाओरालाहरूको गफ गरिरहेको चाख लिएर रमाइलो मानी सुन्थेँ । तर कहिलेकहीँ भने उनीहरूका कुरा बुझ्नै नसकिने हुन्थ्यो । तर पनि सारांशमा देश र नेपाली जनता ओरालो लागिरहेको छ भन्ने कुरा बुझ्थेँ ।

त्यतिखेर अखिल नेपाल किसान सङ्घ जन्मेको थिएन । काठमाडौँमा उपत्यकामा किसानहरूको झ्याली कमिटी थियो । झ्याली कमिटीबाट थालनी भएर काठमाडौँको किसान आन्दोलन विकसित हुँदै थियो । त्यसबेला किसान फाँटमा शम्भुराम श्रेष्ठ र गौरीभक्त प्रधान हुनुहुन्थ्यो । त्यसताका अधिराज्यको ठाउँठाउँमा किसान आन्दोलनहरूको थालनी भइरहेको थियो । आन्दोलन चर्कंदै गएर यसले रौतहटमा उग्र रूप लियो । त्यसको लगत्तै पछि काठमाडौँका किसानहरूलाई साक्षर बनाउने हेतुले किसान सङ्घ र ठाउँठाउँमा किसान स्कुल खोलिएको थियो । त्यसका अतिरिक्त पौढहरूलाई पढाउन ज्याठा टोलमा प्रौढ कक्षाको व्यवस्था पनि गरिएको थियो । उक्त स्कुल सञ्चालनको खातिर ठमेलका न्हुछे महर्जन र भिन्चा सानुहरू धेरै सक्रिय थिए ।

मेरा पिताजी पनि निरक्षर नै हुनुहुन्थ्यो । त्यसैले एक दिन टन्टलापुर घामको पर्वाह नगरी खेत खन्दै काम गरिरहेका पिताजीकहाँ न्हुछे काका आइपुगे । त्यसबेला म त्यही छाप्रोभित्र घाम छलेर बसिरहेको थिएँ । न्हुछे काकाले भोटेदाइ भन्दै बासँग कुरा गर्नुभयो । अनि बाले मलाई तमाखु भर्न अह्राउँदै कुराकानी गर्नुभयो । मैले बाको आज्ञाबमोजिम स्वाँथ्यामा तमाखु भरेर दिई ती दुईको कुरा सुन्न लागेँ । कुराकानी यसप्रकार चल्यो : बाले भन्नुभयो- 'आज के कुराले आयौ तिमी ? मलाई हतार छ । यहाँ चाँडै खेत खन्ने काम सकेर भगवानबहालको घाँस उखेल्न जानु छ । चकद्यःको जात्राका लागि त्यहाँ सफा गर्नुछ । होइन भने गाली खानुपर्ने हुन्छ । अझ सजायसमेत भोग्नुपर्ने हुन्छ । हामी रैतीहरूले चकद्यःको जात्रामा बाजा बजाउने, द्यौता बोक्ने आदि काम गरेर द्यौतालाई नगर परिक्रमा गराउनुपर्छ ।' यसपछि पसिना पुछ्दै स्वाँथ्या तानेर बा आलीमा बस्नुभयो । अनि न्हुछे काकाले भने, 'हेर भोटे दाइ, तिमी पनि किसान स्कुलमा पढ्न हिँड । किसानहरूका लागि भनेर स्कुल खोलिएको छ ।' बाले भन्नुभयो, 'हामी किसानहरूले खेतमा काम गरेर त्यसको भरमा परिवार पाली जीवन गुजारा गर्नुपर्ने भएकाले खेतीको काम छोडेर अक्षर पढ्नेतिर लाग्यौँ भने जीवन कसरी चल्छ ? परिवारको के गति होला ?' अनि न्हुछे काकाले भने, 'हेर भोटे दाइ ! तिमी एकपटक त्यहाँ गई हेर । त्यहाँ पढाइका साथै देशविदेशका किसानहरूका कुराहरू पनि सिकाइन्छ र सामन्तहरूको शोषणबाट मुक्ति पाउन केकस्तो गर्नुपर्छ भन्ने कुरा पनि सिकाइन्छ । खेतीपातीको काम सकेर बेलुकातिर जाने त हो नि ।'

यो सुनेर मेरा बा निद्राबाट बिउँझेझैँ झस्कनु भएको म अहिले पनि झल्झली सम्झन्छु । यसरी किसानहरूमा चेतना जगाउन अखिल नेपाल किसान सङ्घले स्कुलसमेत खोलेर शिक्षा दिई तिनीहरूलाई सङ्गठित पार्ने काम गरिएको थियो । हुँदाहुँदै मङ्सिर महिना आइपुग्यो । खेतमा पहेँलो धानबाली लहलहाएको बेला किसानहरूको अनुहार हँसिलो देखिनु स्वाभाविकै थियो । किसानहरू बडो उत्साहित थिए । एकदुई दिन बिराएर खेतमा बालीको रेखदेख गर्न जान्थे । कतै पानी जमेको रहेछ भने बाली कुहिएला भनेर पानी पन्छाउने तरखरमा लाग्थे । त्यतिबेला पानी जमेका खाल्टाहरूमा पोडेहरू माछा पक्रँदै मालाजस्तै उन्दै लिएर बजारमा बेच्न जान्थे ।



त्यसबेला हाम्रो घरमा कसैलाई पनि फुर्सद भनेको हुँदैनथ्यो । धान काटेर बाली भित्र्याउने, त्यसपछि कालीमाटी निकाल्न जग्गा छनोट गरी काम थालिहाल्ने योजना बन्थ्यो । २५ देखि ४०/५० सम्म जवानहरू कालीमाटी निकाल्न जम्मा हुन्थे । मेरा हजुरबाजेचाहिँ कालीमाटी निकाल्ने टोलीका नाइके हुनुहुन्थ्यो । त्यसैले त्यसको तयारीका लागि घरका बज्यै, आमा र भाउजूहरू दिनरात एक गरेर लागिरहन्थे । जाँड-रक्सी पार्ने, चिउरा कुट्ने आदिआदि थुप्रै काम आइमाईहरूले गर्नुपर्थ्यो । हामी पनि उहाँहरूलाई सघाउन पानी बोकेर ओसार्ने, ढिकी कुट्ने, चुलोमा बसेर आगो बालिदिने आदि सानातिना कामहरू गरिदिन्थ्यौँ । त्यस्तै लोग्नेमान्छेहरू हँसिया, कोदाली आदि समाल्ने कामतिर तल्लीन रहन्थे । यसरी सारा किसानहरू व्यस्त रहेकै मङ्सिर महिनाको समयमा अकस्मात् ठूलो असिना परेको थियो । हामी अबुझ केटाकेटीहरू असिना परेकोमा रमाएका थियौँ । असिना डल्लो पारेर हिर्काउँदै सडकमा खेलेका थियौँ । तर त्यस असिनाले खेतको सारा बाली नष्ट पारिदिएको थियो । घरमा रुवाबासी नै चलेको थियो । त्यत्रो श्रम लगाएर फलाएको बाली सर्वनास भएको थियो । मेरा हजुरबाजे नुन खाएको कुखुरोजस्तै निन्याउरो मुख लिएर निहुरिरहनुभएको थियो । बुढाको ढाडै भाँचिएको जस्तो भयो । धानबानी भित्र्याएर तल्सिङलाई तिरी नातिहरूको व्रतबन्ध गर्ने उनको सपना चकनाचुर भएको थियो । खेतमा असिनाले झारेको धान भए पनि टिपेर जम्मा गर्ने आशाले डालो, कुचो बोकी हामी खेतमा गएका थियौँ । केही भित्र्यायौँ पनि । त्यस साल किसानले भन्दा शिला खोज्ने र माछा मार्ने पोडे कुचीकारहरूले बढी धान भित्र्याएका थिए । खेतमा त टुँडीखेलमा भेडा-च्याङ्ग्राजस्तै शिला खोज्नेहरूको ताँती नै थियो । धान काटेर भित्र्याई आनन्द लिने सपना बोकेका हामीहरू त हेर्याहेर्यै भएर पक्क परिरहेका थियौँ ।

मेरा हजुरबाजेको एउटै मात्र पिर तल्सिङलाई बाली तिर्न नसकिएला भन्ने थियो । धानबाली सोत्तर भएपछि त उहाँको हंसले ठाउँ छोडिसकेको थियो । सुर्ताले खान पनि छोडिसक्नुभएको थियो । तल्सिङलाई बाली तिर्न सकिएन भने पाप लाग्छ भन्ने डरले उहाँलाई पिरोलेको थियो । त्यसबेला सरकारले उपत्यकाका किसानहरूलाई त्यस सालको धानबाली मिनाहा गरिएको उर्दी सुनायो । त्यस उर्दी सुनेपछि बल्ल हजुरबाजेको सास फर्केको जस्तो भयो र हिँडडुल गर्न थाल्नुभयो । नत्र त भगवानबहालको बुद्ध भगवान्को दर्शन गरेर पुकारा नगरी भातै खानुहुन्नथ्यो । बुढालाई ठूलो भारी बिसाएजस्तै भयो । तर केही समयपछि विक्रमशील महाबिहारका प्रधानहरूले 'दगु' अर्थात् बिहारका सिपाहीहरू पठाएर सबै रैतीहरूलाई पक्रेर लगे र यसपालिको बाली अर्को सालमा भए पनि तिर्नुपर्छ भनी कबुलियतनामा लेखाउन थाले । कबुलियत नगर्नेलाई बिहारको चिसो छिँडीमा थुन्न थाले । खेतमा उब्जनी नै नभएको बाली कसरी तिर्ने भन्ने किसानहरू बिहारमा थुनामा परेछन् । मेरा हजुरबाजे पनि थुनिनुभयो । सरकारले नै माफी दिइसकेको बाली हामी कसरी तिर्न सकौँला भनी हजुरबाजे पनि कस्सिनुभएछ । त्यसैले उहाँ पनि थुनिनुभयो । ती थुनिएका रैतीहरूलाई ढिक्के नुन र चिउरा ख्वाई थुनेका रहेछन् ती सामन्त शोषकहरूले ।

त्यसपछि ती थुनिएका किसानहरूका स्वास्नी र बालबच्चाहरू प्रधानहरूकहाँ गई रोइकराई अनुनयविनय गर्दा पनि ती सामन्तहरूको मन पग्लिएन । उल्टो ती आइमाईहरूलाई समेत थुनिदिने धम्की दिन थालेछन् । अनि सोझो औँलाले घिउ निस्किँदैन भन्ने कुरा बुझेर ज्यापुनीहरूको एक जत्था गई जबर्जस्ती ती थुनिएकाहरूलाई निकाल्ने योजना बनाउन लागे र आक्रमण नै गर्न गए । तर दगुहरू र पुलिसहरूको संयुक्त टोलीले आइमाईहरूलाई पिटपाट गरी पठाइदिएछन् । यो कुरा मेरी फुपू बज्यै छ्याक अजीले थाहा पाइन् । उनी अति खरो र रिसाहा स्वभावकी थिइन् । उनी निडर पनि थिइन् । रिस उठेपछि त उनी रणचण्डी नै बन्थिन् । त्यसैले उनले सबै रैतीहरूलाई जम्मा गरी आआफ्ना घरमा भएका हतियारहरूसमेत लिएर गई हमला नै गर्न पुगिन् । म केटाकेटी अवस्थाकै भए पनि पछिपछि लागेर हेर्न गएको थिएँ । ती आक्रोशित ज्यापुनीहरूको अगाडि दगु र सिपाहीहरू टिक्न सकेनन् र बिहारको आँगनमा रहेको खोरमा तोडफोड गरी बन्दीहरू सबैलाई छुटाएर ल्याए । धेरै दिनसम्म चिसो छिँडीमा जाकिएका हुँदा मेरा हजुरबाजे सेता फुस्रा भई हिँड्नै नसक्ने भइसक्नुभएको थियो । ती बन्दीमध्ये एकजना हकमान ज्यापु त केही दिनपछि चिसो लागेको कारणले मरेका थिए ।

यसरी सामन्त-शोषकहरूको नियत अत्यन्त नीच र घिनलाग्दो हुन्छ भन्ने यो एउटा नमुना नै थियो । साथै विद्रोहको उत्पत्ति बाध्यताबश कसरी हुनसक्छ भन्ने उदाहरण पनि यस घटनाबाट बुझ्न सकिन्छ ।

# पोलिटब्युरो सदस्यसहित दर्जनौँ गिरफ्तार

■ रातो खबर संवाददाता

निर्वाचन सुरक्षा चुनौतीको कारण देखाउँदै प्रहरीले नेकपाका एक पोलिटब्युरो सदस्यसहित दर्जनौँलाई गिरफ्तार गरेको छ । पार्टीका पोलिटब्युरो सदस्य तथा लुम्बिनी ब्युरो इन्चार्ज चन्द्रबहादुर चन्द 'वीरजङ्ग' लाई गिरफ्तार गरेको छ । कलेजोका बिरामी छोरा बीएस चन्दको उपचारका लागि रुपैयाँ सापटी गर्न काठमाडौँ बूढानीलकण्ठस्थित आफन्तको घरमा पुगेको बेला प्रहरीले चन्दलाई गिरफ्तार गरेको हो । चन्दका छोरा बीएस गम्भीर बिरामी परेर दिल्लीस्थित म्याक्स अस्पतालको आईसीयूमा अचेत छन् । व्यक्तिगत कामका लागि हिँडिरहेका चन्दलाई गिरफ्तार गरी महाराजगन्ज प्रहरीवृत्तमा राखिएको छ । उनलाई प्रहरीले 'तेरो भाइ विप्लव कहाँ छ ?' भन्दै आँखामा कालोपट्टी बाँधेर शारीरिक र मानसिक यातनासमेत दिने गरेको पारिवारिक स्रोतले बताएको छ । चन्दलाई गिरफ्तार गरिएपछि दिल्लीमा बिरामी कुरुवा बसेका उनका आफन्त खर्चको अभावमा अलपत्रमा परेका छन् । चन्द खर्चको जोहो गरेर शनिबार दिल्ली उड्ने योजनामा थिए ।

यस्तै नेकपा निकट तामाङ राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय अध्यक्ष माणिक लामालाई पनि प्रहरीले गिरफ्तार गरेको छ । लामालाई आफ्नै निवास काठमाडौँबाट पक्राउ गरिएको हो । यस्तै नेकपाकी पूर्वकेन्द्रीय सदस्य सरला रेग्मीलाई पनि पक्राउ गरिएको छ । रेग्मीलाई व्यक्तिगत काममा हिँडिरहेको बेला काठमाडौँ कोटेश्वरबाट पक्राउ गरिएको हो । प्रहरीले रेग्मीसँगै उनका छोरालाई पनि पक्राउ गरेको छ । रेग्मीका श्रीमान् गुणराज लोहनी नेकपाका केन्द्रीय सदस्य भएकै कारण छोरालाई समेत पक्राउ गरिएको हो ।

नेकपाका नेता-कार्यकर्ताहरूलाई पक्राउ गर्ने क्रममा बैतडीमा बाबुको १३ दिने किरिया बसेका एक किरियापुत्रीलाई पनि प्रहरीले पक्राउ गरेको छ । नेकपा पाल्पाका इन्चार्ज पार्वती विक र सेक्रेटरी भुवन केसीलाई पनि पक्राउ गरिएको छ । यस्तै नवलपरासी इन्चार्ज पदम केसी र लमजुङ सेक्रेटरी सन्तोष कोइरालालाई पनि पक्राउ गरिएको छ । यस्तै ललितपुरबाट नेकपा निकट किसान सङ्घकी नेत्री प्रतिमा बजगाईं र सूर्य विकलाई पनि प्रहरीले पक्राउ गरेको छ । कैलालीमा नेकपाका जिल्ला नेता जीवन घर्तीसहित ३ जनालाई पक्राउ गरिएको छ । घरमा बसिरहेका, व्यक्तिगत काममा हिँडिरहेका, बिरामी, हिँडडुल गर्न नसक्ने अशक्त, नाबालक र आमालाई समेत प्रशासनले गिरफ्तार गरेको भन्दै नेकपाले आपत्ति जनाएको छ । नेकपा स्रोतका अनुसार अहिलेसम्म ५ सयको हाराहारीमा उसका नेता-कार्यकर्ताहरूलाई प्रहरीले पक्राउ गरेको छ । नेकपाले पक्राउ गरिएका आफ्ना नेता-कार्यकर्ताको तत्काल र बिनासर्त रिहाइको माग गरेको छ । शुक्रबार पार्टी प्रवक्ता प्रकाण्डद्वारा जारी प्रेसविज्ञप्तिमा पक्राउ गरिएका आफ्नो पार्टीका नेता-कार्यकर्ताहरूलाई रिहा नगरिए निरन्तर प्रतिरोध गर्न आफ्नो पार्टी बाध्य हुने उल्लेख गरिएको छ ।

## संसदीय निर्वाचन ...

त्यसैगरी प्युठान प्रहरीले पत्रकार पदमप्रसाद पोखरेललाई बिजुवार बजारबाट पक्राउ गरेको छ । पोखरेललाई जहानलाई उपचारका लागि अस्पताल लगिरहेको समयमा अस्पतालबाटै गिरफ्तार गरिएको हो । पोखरेल प्युठान भिजन मासिकका कार्यकारी सम्पादक हुन् । प्युठान प्रहरीले उक्त पत्रिकाका सम्पादक जागेश्वर आचार्यलाई पनि गिरफ्तार गरेको छ । यता काठमाडौँ प्रहरीले नेपालभाषामा प्रकाशित हुँदै आएको निः हुगु ज्व जोलोप्पाका सम्पादक/प्रकाशक जितेन्द्र महर्जनलाई उनकै निवास कीर्तिपुरबाट गिरफ्तार गरेको छ । त्यसैगरी मध्याह्न दैनिक अखबारका संवाददाता दीपेश शाहीलाई काठमाडौँ प्रहरीले प्रचण्डपुत्र प्रकाशको स्वास्थ्यस्थितिको समाचार सङ्कलन गर्न गएको समयमा अस्पताल परिसरबाटै गिरफ्तार गरेको छ । त्यसैगरी मङ्सिर ५ गते एमाले-माके संयुक्त पत्रकार सम्मेलनको समाचार सङ्कलन गर्दै गर्दा बुटवलको सोही कार्यक्रमस्थलबाट गर्जन साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासङ्घ, रूपन्देही शाखाका सदस्य प्रकाश डुम्रेलाई गिरफ्तार गरेको छ । त्यसैगरी मंगलबार अपरान्ह २ बजे जनसंचार डटकमका सम्पादक प्रकाशक तथा जनता टेलिभिजनका कास्की संवाददाता ओम हमाल र रातो खबर साप्ताहिकका कास्की संवाददाता रमाकान्त बास्तोलालाई कास्की प्रहरीले गिरफ्तार गरेको छ । उहाँहरुलाई महेन्द्रपुलस्थित जनसंचार विद्युतीय पत्रिकाको कार्यालयबाट गिरफ्तार गरिएको हो ।

यसैबीच बुधबार साँझ नेपाल पत्रकार महासङ्घका अध्यक्ष गोविन्द आचार्य नेतृत्वको टोलीले प्रम शेरबहादुर देउवालाई भेटेर पक्राउ गरिएका ८ जना सञ्चारकर्मीलाई रिहा गर्न माग गरेको थियो ।

## संसदीय व्यवस्थाको ...

३. हाम्रो सैद्धान्तिक प्रतिबद्धता भनेको माओले विकास गर्नुभएको महान् सर्वहारा सांस्कृतिक क्रान्ति (सर्वहारा अधिनायकत्वअन्तर्गत निरन्तर क्रान्ति) को उचाइबाट अघि बढ्ने हो । यही कसम खुवाएका थिए पुष्पकमल (तत्कालीन प्रचण्ड) र बाबुराम (तत्कालीन लालध्वज) ले । विद्रोह गरेपछि बीचैमा रोक्नु अपराध हुन्छ । यही घोकाइएको थियो हामीलाई । पुरानो राज्यसत्ता चकनाचुर नपारीकन श्रमजीवी तथा उत्पीडित वर्गको उद्देश्य पूरा हुन सक्दैन भन्ने कुरा हमीलाई सिकाइएको थियो । हामीलाई माओले सिकाउनुभएको 'मार्क्सवाद लागू गर, संशोधनवाद होइन, नफुट एकजुट होऊ, षड्यन्त्र र छलछाम नगर, खुला र स्पष्ट होऊ' भन्ने वैज्ञानिक र सुप्रसिद्ध उक्ति घोकाइएको थियो । उनीहरूले मार्क्सवाद होइन, संशोधानवाद लागू गरे, एकताको त कुरै छोडौँ फुटवादको बीउ रोपे र खुला र स्पष्ट होइन, बरु षड्यन्त्र र छलछाम गरेका छन् । उनीहरूको जीवनव्यवहारबाट यो कुरा पुष्टि भइसकेको छ । वैज्ञानिक समाजवाद र साम्यवादको ध्येय पूरा गर्न गरिएको जनयुद्ध उनीहरूका लागि एकादेशको कथा भइसकेको छ । हामी भने जनयुद्धका उपलब्धिहरूको पुनर्स्थापना र विकास गर्न मैदानमा उत्रिएका छौँ ।

४. इतिहासका निर्माता अथवा इतिहासको कहिल्यै ननिभ्ने बत्तीका रूपमा रहेका जनसमुदायको अगाडि भर्खरैका घटनाहरूले के स्पष्ट पारिसकेका छन् भने संसदीय चुनावमा सैन्यबल र धनको इशारामा मतपत्र मतदानीमा खस्छन् । जससँग सत्ता छ र जससँग धन छ तिनीहरूले मात्र जित्न सक्ने र राज गर्न सक्ने व्यवस्था शोषित-उत्पीडित जनताको होइन । आखिर यो मुट्ठीभर धन्नासेठहरूको व्यवस्था हो । उदाहरणका लागि गत स्थानीय निर्वाचनमा चितवन भरतपुर महानगरपालिकाको मेयरमा देवी ज्ञवालीले जितेका थिए । तर पछि धाँधली गरेर बन्दुक र धनको बलमा पुष्पकमलपुत्री रेणु दाहाललाई जिताइयो । बन्दुक र धन दुवै आजको जमानामा निगम पुँजीवादको मातहतमा चल्छन् । अर्थात् यसो भन्न सकिन्छ निगम पुँजीपतिहरूको निगाह जसमाथि छ त्यसैले मात्र चुनाव जित्छ । राज्यसत्ताभन्दा माथि निगम पुँजीवाद भएको छ । यसैलाई हाम्रो पार्टीले उत्तरसाम्राज्यवाद भनेको छ । भारतमा भाजपाको पाँचौँ-छैटौँ श्रेणीक्रममा पर्ने नरेन्द्र मोदीलाई निगमले चाह्यो र उनले चुनाव जिते अनि प्रधानमन्त्री भए । निगमहरूकै कारणले अमेरिकामा हिलारी क्लिन्टन हारिन् र डोनाल्ड ट्रम्पले जिते । ट्रम्प स्वयम् एउटा निगमका मालिक हुन् । नेपालमा पनि सरकार प्रमुख को बनाउने भन्ने कुरा निगमहरूकै हातमा छ । आजको संसद् लेनिनको पालाको डुमाजस्तो वा कतिसम्म भने पञ्चायतकालको राष्ट्रिय पञ्चायतजस्तो पनि छैन । कम्युनिस्टहरूले यसको उपयोग गर्नुपर्छ भन्नु पनि अवसरवाद हो । अहिले नेपालमा संसद्को उपयोग गर्छु भन्नु निगम पुँजीवादको फन्दामा फस्नु हो ।

६. त्यसकारण हाम्रो पार्टीले नेपालमा दलाल पुँजीवादी संसदीय चुनाव खारेज गर्ने र वैज्ञानिक समाजवादको बाटोमा अघि बढ्ने नीति लिएको छ । यसको अर्थ हामी महान् जनयुद्धको प्रक्रियामा २०५२ देखि जुन नेतृत्वमा स्थानीय जनसत्ता स्थापना भई २०६३ सम्म विकास भएको थियो त्यस नेतृत्वलाई खारेज गरी हाम्रो पार्टीको नेतृत्वमा अघि बढाउन चाहन्छौँ । जबदेखि स्थानीय जनसत्ता स्थापना भयो तबदेखि हामीले पुरानो र प्रतिक्रियावादी राज्यसत्ता खारेज गरेका थियौँ । वैज्ञानिक समाजवाद र अन्ततः वैज्ञानिक साम्यवादको सपना देख्दै दस हजारभन्दा बढी नेपाली जनताका सर्वोतम छोराछोरीहरूले सहादत प्राप्त गरेका थिए । राज्य पक्षबाट सात हजारभन्दा बढीको सङ्ख्यामा रगत बगेको छ । त्यसको जोडफल पुनः उही संसदीय राज्यसत्ता होइन । यो राज्यसत्ताको खारेजी र नयाँ राज्यसत्ताको स्थापना सहिदहरूको सपना हो । अर्को कुरा मार्क्सले भन्नुभएजस्तै स्वर्ग जाने बाटो नर्कतिरबाट खुल्दैन । जनतालाई स्पष्ट भन्नुपर्छ वैज्ञानिक समाजवादमा संसदीय चुनावबाट पुगिँदैन । वैज्ञानिक समाजवादको स्थानीय समाजवादी सत्ता सहर र गाउँ दुवैतिर खडा गर्दै अघि बढ्नुपर्छ । कुतीतिरको बाटो लागेर कहिल्यै पनि काशी पुगिँदैन । तेस्रो कुरा वैज्ञानिक समाजवाद भनेको अर्थशास्त्रको भाषामा सामाजिक उत्पादन र व्यक्तिगत स्वामित्वबीच रहेको अन्तरविरोधको समाधान हो । श्रमजीवी वर्गले सामाजिक रूपमा उत्पादन गरेका मानव जीवन निर्वाहका वस्तुहरूमा निजी स्वामित्व कायम गरेर अहिले विश्वको ठूलो धनराशि बिल गेट्सलगायत ८ जना धनीहरूको हातमा थुप्रिएको छ भने करोडौँकरोड जनता खाना नपाएर मरिरहेका छन् । नेपालमा केही दलाल पुँजीपतिहरूको हातमा धन थुप्रिएको छ । विनोद चौधरी, उपेन्द्र महतो, अजय सुमार्गी, आदित्य झा, बलराम चेनराई, शेष घले, दीपक मलहोत्रा, मीनबहादुर गुरुङ, प्रभाकरशमशेर जबरा, मोहनगोपाल खेतानले श्रमजीवी वर्गको सामाजिक उत्पादनलाई निजी स्वामित्वमा राखेका छन् । यो सम्पत्ति जनताको सामूहिक स्वामित्वमा ल्याएर देशको विकास गर्नु र जनचेतना उठाउनु वैज्ञानिक समाजवाद हो । वैज्ञानिक समाजवादमा हामी राष्ट्रिय पुँजीपतिहरूसँग सहकार्य गरी राष्ट्रिय पुँजीको विकासद्वारा दलाल पुँजीको अन्त्य गर्न चाहन्छौँ । राष्ट्रिय पुँजी र जनलगानी जोडेर नै देशको सम्पत्ति बन्नेछ र विकास हुनेछ ।

वैज्ञानिक समाजवाद भनेको सरकारी लाभका पदमा रहेर आर्थिक भ्रष्टाचार, लूट मच्चाउने नेता र नोकरशाहहरू अनि देशको विकासमा जोडिएर लूट मच्चाउने ठेकेदारहरूलाई चोकमा उभ्याएर जनकारबाही गर्ने जनव्यवस्थाको नाम हो । वास्तवमा यो जनसमृद्धि र विकासका लागि वैज्ञानिक प्रणाली हो । यो प्रणालीमा महिलाहरू पुरुषको दासी, राज्यसत्ताको शोषण गर्ने साधन र वेश्यालयको पुतली होइन, बरु पुरुषसरहको अधिकार सम्पन्न राजनीतिक नेता र सामाजिक उत्पादनकार्यका योद्धा हुन्छन् । त्यहाँ न उत्पीडित राष्ट्रियताहरू हुन्छन्, न त दलित नै ।

'क्षमताअनुसारको काम र आवश्यकताअनुसारको माम' को सिद्धान्त लागू हुने व्यवस्थाको नाम नै वैज्ञानिक समाजवाद हो अथवा समाजवाद हो । समाजवादमा जसले श्रम गर्दैन त्यसले खान पाउँदैन । पुँजीवादमा जसले श्रम गर्दैन, त्यसले सजिलै खान पाउँछ ।

७. त्यसकारण कार्यनीतिक रूपमा पनि वैज्ञानिक समाजवादको लक्ष्यमा पुग्ने बाटो भनेको संसदीय चुनाव होइन, बरु यसको खारेजी गर्दै एकीकृत जनक्रान्तिको बाटोमा हिँड्नु हो । केही मानिसहरूले हामी संसदीय चुनावमा आफ्नो घोषणापत्रसहित प्रतिस्पर्धामा आउनुपर्ने तर्क गरेका छन् । यसको जबाफ हामीले पहिले नै दिइसकेका छौँ । अर्बपति, ठेकेदार र दलाल तथा निगम पुँजीवादको आशीर्वाद पाएकाबाहेक यो चुनावमा कसले जित्न सक्छ ? बन्दुक र मसल पनि पैसा नभई चल्दैनन् । त्यसकारण संसदीय व्यवस्थाअन्तर्गत शोषित-उत्पीडित श्रमजीवीवर्गले चुनावबाट जनवादी सत्ता हासिल गर्न सकिन्छ भन्नु भनेको त केवल कल्पनाको पुलाउ खानु हो । वास्तविक पुलाउ खाने कुरा यो होइन । श्रमजीवी एवम् उत्पीडित वर्गले क्रान्ति गर्नुको विकल्प छैन । त्यो पनि शान्तिपूर्ण होइन, बरु पुरानो सत्ताका विरुद्ध सशस्त्र सङ्घर्ष गरेर मात्र ।

शान्तिपूर्ण तरिकाले संसदीय चुनावमा जनताको चुनाव बहिष्कार गर्न पाउने अधिकार पनि छ । तर हाम्रो पार्टीका नेता-कार्यकर्ताहरूलाई आज गिरफ्तार गरिएको छ । हिरासतमा राखेर यातना दिइएको छ । कयौँमाथि सार्वजनिक अपराधका मुद्दा लगाइएको छ । पाँच सयको हाराहारीमा हाम्रा कमरेडहरू हिरासतमा हुनुहुन्छ । हामीले स्पष्ट देखिरहेका छौँ- दलाल संसदीय राज्यसत्ताको आयु छोटिँदै गएको छ । सुन्दर वैज्ञानिक समाजवादको तस्बिर क्षितिजमा मुस्कुराइरहेको छ ।

निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ